ADCCN
Association of District Coordination Committees of Nepal
जिल्ला समन्वय समिति महासंघ नेपाल

ई-बुलेटिन
e-Bulletin

Vol. 7 [Issue –I] (जिल्ला समन्वय समिति महासंघ नेपालको ई-बुलेटिन) E-Bulletin, January-March 2025 (२०८१ माघ-फागुन)

# राष्ट्रपतिसँग सामूहिक भेट



जिल्ला समन्वय समिति महासंघ नेपालको नेतृत्व एवं जिल्ला समन्वय समिति काठमाण्डौंको पहलमा ७७ वटै जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुखज्यूहरुको मिति २०८१ माघ १० गते विहिबारको दिन सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यू समक्ष सामुहिक भेटघाट कार्यक्रम सम्पन्न भयो ।

जिल्ला समन्वय समिति महासंघ नेपालका अध्यक्ष राजन मेहताज्यूले राष्ट्रिपति सामु सबै जिल्ला समन्वय समितिहरुको बारेमा नेपालको संविधानको धारा २२०, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्वन्ध) ऐन, २०७७ लगाएतका प्रचलित कानुन वमोजिम जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय, गाउंपालिका/नगरपालिका, निजिक्षत्र तथा गैह्र सरकारी संस्थाविच समन्वय गर्ने र उक्त निकायहरुबाट गरिने विकास निर्माणको अनुगमन गर्ने महत्वपूर्ण जिम्मेवारी जिल्ला समन्वय समितिको रहेको बताउनु भयो ।

यसरी तीन तहका सरकार, निजिक्षेत्र, गैह्र सरकारी क्षेत्रको काम कारवाहिमा समन्वय र अनुगमन सहित जिल्लाको सूचना केन्द्रको रुपमा जिल्ला समन्वय समितिहरुले कार्यक्षेत्रका भौगोलिक कठिनाई, स्पष्ट कानुनको अभाव, श्रोत साधनमा कमी लगाएतका समस्याका वावजुद समन्वय र अनुगमनका समय सान्दर्भिक जांचकिका औजारहरु (supervisory tools) प्रयोग गरि आफ्नो महत्वपूर्ण जिम्मेवारीहरु बहनमा तल्लिन रहेको प्रस्ट्याउनु भयो । जिल्लाको दर/रेट निर्धारण गर्ने, संघीय र प्रदेश सरकारका विभिन्न आवधिक योजनाका मानक, दिगो विकास लक्षका मानकको लागि सूचना आदान-प्रदान, समन्वय र सहकार्यको भूमिकामा जिल्ला समन्वय समितिहरु रहेको समेत जानकारी प्रस्तुत गर्नुभयो ।

नेपाल सरकार, मन्त्रिपरिषदबाट स्विकृत ७७ वटै जिल्ला समन्वय समितिको प्रतिनिधि कार्यालयको रुपमा रहेको जिल्ला समन्वय समिति महासंघ नेपालको ३०औं स्थापना दिवस (२०८१ माघ १० गते) काठमाण्डौमा मनाउन लागिएको सन्दर्भ पारेर सम्माननीय राष्ट्रपतिज्यू समक्ष उक्त भेटघाट भएको हो ।

राष्ट्रपति भवन शीतल निवासमा भएको भेटघाट कार्यक्रममा आफ्नो धारणा व्यक्त गर्दै महामहिम राष्ट्रपतिज्यूले आफ्नो भूमिकामा सक्रिय भई तथा आफै क्रियाशील रहन जिल्ला समन्वय समितिहरुलाई आग्रह गर्नुभयो ।

तीन तहका सरकार, नीजि क्षेत्र, गैरसरकारी क्षेत्रको काममा समन्वय र अनुगमन गर्ने जस्तो महत्वपूर्ण जिम्मेवारी निर्वाह गरिरहनु भएकै छ भने, संविधान र लोकतान्त्रिक शासन प्रणालीको मेरुदण्डका रुपमा रहेका निकायले जनता र विकासलाई केन्द्रमा राखेर अघि बढ्नुपर्दछ भन्ने लाग्दछ । बजेट, योजना र कार्यादेश अनुसार आफ्नो कामकारवाहिमा



क्रियाशीलता बढाएर राज्यको ध्यान आकर्षित गर्न समेत राष्ट्रपतिज्यूले सुझाव दिनुभयो ।

जिल्लाका निकायहरुको कार्यसम्पादन, योजना, कार्यान्वयनप्रक्रिया, कार्यादेश अनुसार भए नभएको बारेमा अझबढी चनाखो र सजग भएर जिल्ला समन्वय समितिहरुले क्रियाशीलता बढाउने हो भने विकास निर्माणमा पारदर्शिता बढ्छ, बजेट दुरुपयोग पनि रोकिन्छ र राज्यको पनि ध्यान आकर्षित हुन्छ, यसबाट राष्ट्रको विकासमा योगदान पुग्छ ।

नेपाली जनताको लामो संघर्ष, त्याग र बलिदानबाट प्राप्त नेपालको संविधानले संघ, प्रदेश र स्थानीय सरकारको व्यवस्था गरेको बताउँदै उहाँले जिल्लाका निकायहरु बीच सन्तुलन कायम गर्ने गरी अनुगमन र समन्वय जस्तो महत्वपूर्ण जिम्मेवारी जिल्ला समन्वय समितिहरुबाट वहन हुने विश्वास व्यक्त गर्नुभयो ।

# जिल्ला समन्वय समिति महासंघ नेपालको "३०औं स्थापना दिवस"




जिल्ला समन्वय समिति महासंघ नेपालको "३०औं स्थापना दिवस" कार्यक्रम २०८१ माघ १० गते जिल्ला समन्वय समिति काठमाण्डौंको सभाहलमा सम्पन्न भयो । जिल्ला समन्वय समिति महासंघ नेपालका अध्यक्ष राजन मेहताज्यूको अध्यक्षतामा प्रतिनिधि सभाका सभामुख सम्माननीय देवराज घिमिरेज्यूको प्रमुख आतिथ्यता रहेको तथा महासंघका संस्थापक अध्यक्ष कृष्णलाल सापकोटा, संस्थापक प्रवक्ता रामचन्द्र पोखरेल, महासंघ सातै प्रदेश समितिका अध्यक्षहरु, जि.वि.स. महासंघका पूर्व केन्द्रिय सदस्य भरत बहादुर खड्का, महासचिव डा. हेमराज लामिछाने, प्रा.डा. प्रेम शर्मा, निवर्तमान अध्यक्ष नवराज गेलाल, पूर्व जि.स.स. काठमाण्डौंका प्रमुख एवं महासंघका पूर्व प्रवक्ता शिव सुन्दर राज बैद्य, ७७ वटै जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुखहरु, विभिन्न राजनीतिक दलका सचेतकहरु, पत्रकार एवं अन्य निकायका प्रतिनिधिहरुको उपस्थितिमा कार्यक्रम भव्यताका साथ सम्पन्न भयो ।

महासंघका कार्यकारी निर्देशक भरत कुमार भट्टराईले प्रमुख अतिथि, विशेष अतिथि तथा आमन्त्रित सबै अतिथिहरुज्यूहरुलाई स्वागत तथा आशन ग्रहण गराउनुभयो । आशन ग्रहण पश्चात राष्ट्रिय गान पछि प्रमुख अतिथि प्रतिनिधि सभाका सभामुख माननीय देवराज घिमिरेज्यूले गमलामा पानी हालेर कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।



**श्री अशोक कुमार घिमिरे, महासचिव, जि.स.स. महासंघ नेपालः**



जिल्ला समन्वय समिति महासंघ नेपालको ३०औं स्थापना दिवसको यो गरिमामय कार्यक्रममा हिमाल, पहाड र तराईका ७७ वटै जिल्लाहरुबाट पाल्नु भएका उपस्थित सम्पूर्ण प्रमुख र उपप्रमुखज्यूहरुमा जिल्ला समन्वय समिति महासंघ नेपालको तर्फबाट न्यानो स्वागत गर्नुभयो । प्रमुख अतिथि प्रतिनिधि सभाका सम्माननीय सभामुख देवराज घिमिरेज्यू जिल्ला समन्वय समिति महासंघको लक्ष्य, उद्देश्यलाई सापेक्ष तुल्याउनका निम्ति निरन्तर दुई पटक सम्म (आजको ३०औं स्थापना दिवर तथा २०७९ माघ १० को २८औं स्थापना दिवसमा) आफ्नो गरिमामय उपस्थित प्रदान गरि हाम्रो हौसला बढाईदिनु भएकोमा उच्च सम्मान तथा हृदयदेखि आभार प्रकट गर्नुभयो ।

सरकारका विभिन्न निकायहरुसंग समन्वय, देशका उच्च कार्यकारी निकाय, जिम्मेवार दलका प्रमुख/प्रतिनिधि, राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरु, प्रदेशका मुख्यमन्त्री/मन्त्रीहरु सबैसंग हामीले जिल्ला समन्वय समितिका समस्यहरु, चुनौतीहरु भेटेरै पटक पटक व्यक्त गर्‍यौं, आफ्ना मागहरुबारे जानकारी गराएका यथेष्ट घटनाक्रमहरु छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, PLGSP संगका सहकार्यमा हामिले केहि गतिविधि र कार्यक्रमहरुमा सार्थक समन्वय गरेर काम गरेका छौं भने कोशी प्रदेशमा अस्पतालका अध्यक्ष जिल्ला समन्वय समिति प्रमुखलाई दिलाउने व्यवस्था गराउन सफल भएका छौं, बागमती प्रदेशमा जिल्ला समन्वय समितिहरुले आफ्ना कार्यक्रम आफैं तय गर्दै ३५ लाख देखि ६० लाखसम्मको अनुदानलाई निरन्तरता दिन सफल भयौं । ५६ जिल्लामा प्राविधिकहरु पठाउने काममा मन्त्रालयसंग पहल गरेर सफल भयौं । आजसम्म हामीले आफ्नो भूमिका कहींकतै कमजोर रुपमा प्रकट हुन दिएका छैनौं । जिल्ला समन्वय समितिको नेतृत्वलाई अनुमानका भरमा टाढा बसेर आलोचन हैन, नजिकबाट यथार्थको धरातलमा उभिएर मूल्यांकन गर्दै साथ र सहयोग प्रदान गर्न ७७ वटै जिल्ला समन्वय समिति प्रमुख, उपप्रमुखज्यूहरुलाई अपिल गर्दछु भन्दै कार्यक्रममा संसदमा आवज उठाउने देखि कार्यान्वयन गर्नेसम्मका सबै जिम्मेवार दलका नेताज्यूहरु हुनुहुन्छ, हामीलाई आशा छ यहाँहरुले जिल्ला समन्वय समितिलाई बलियो बनाउँदै देशका परिवर्तनमा परिणाममुखी काम गर्दै सार्थक उपलब्धि दिलाउन आफ्नो कदम चाल्नुहुने विश्वास लिएका छौं ।

**श्री लुम्बिनी गौतम, उपाध्यक्ष, जिल्ला समन्वय समिति महासंघ नेपालः**



जिल्ला समन्वय समितिहरुले आफ्नो संवैधानिक जिम्मेवारी अनुसार समन्वय र अनुगमनका कार्यहरु गर्दै आएको बताउँदै यी जिम्मेवारहिरु अझ सशक्त रुपमा अघि बढाउन नयाँ विकसित भएका विभिन्न मोडेल, प्रणाली सुदृढिकरण तथा क्षमता विकास जस्ता अनुगमनमा सहायक हुने tools हरुको प्रयोग मार्फत लक्ष हासिल गर्न हाम्रा प्रयासहरु जारी छन् । एकातिर प्राविधिक जनशक्ति तथा श्रोतको कमि विच पनि हामीले आफ्नो सकृयतामा कमि हुन दिएका छैनौं भने अर्कोतिर भूमिका अझ सशक्त बनाउन सम्बन्धित निकायमा हामीले प्रस्तावहरु पेश गर्दैछौं ।

**श्री शान्ति पाण्डे, केन्द्रिय सदस्य जिल्ला समन्वय समिति महासंघ नेपालः**

७७ वटै जिल्लाका हामी यो माध्यमबाट एक ठाउँमा जुट्ने, आफ्ना अनुभवहरु एक आपसमा साट्ने र जिल्ला समन्वय समितिको क्षमता विकासमा उत्साहका साथ विचार आदान प्रदान गर्ने यो ठूलो अवसर हो । जिल्ला समन्वय समितिले आफ्नो जिल्लाका नागरिकहरुले पाउनु पर्ने



सेवा प्रवाहमा सरलताका लागि जिल्लाका निकायहरुको कार्यदक्षतामा चुस्तता तथा विकास निर्माणमा गुणस्तरीयतामा खवरदारी र सहजिकरणमा ध्यान दिएका छौं । नेपालको संविधानको धारा २२० मा जिल्ला समन्वय समितिलाई दिएको जिम्मेवारी पुरा गर्न अझ थप कानूनी प्रावधान, संस्थागत र संरचनागत सुदृढिकरण एवं क्षमता विकासमा अझ प्रयासहरु जरुरी छ । यस्तै संदेश आज सम्माननीय राष्ट्रपतिज्यूसंगका भेटमा पनि विचार आदान प्रदान गरियो ।

**श्री उमेश प्रसाद प्रसाद भट्ट, कोषाध्यक्ष, गाउँपालिका राष्ट्रिय महासंघः**



हामीले संघीयता अभ्यासको ८ वर्ष पुरा गर्दैछौं । संघीयता- मुख्यतया राजनीतिक संघीयता, वित्तीय संघीयता र प्रशासनिक संघीयतामा आज संघीयताका कुन कुन विषयहरु कार्यान्वयन भए, कुन कुन कार्यन्वयन भएनन् त्यसको लेखाजोखा गर्नुपर्ने हुन्छ । केन्द्रमा र प्रदेशमा सरकार परिवर्तन भइरहने हुन्छ तर स्थानीय सरकार पाँच वर्षको स्थिर सरकार हो । स्थानीय तहमा जाने समानिकरण अनुदान कटौती हुनुहुँदैन । राजश्व बाँडफाँड न्यायोचित हुनुपर्दछ । स्थानीय सरकारहरुको सबै एउटै हैसियत छैन । यस्तो अवस्थामा विकासकोलागि जाने वजेट संतुलित हिसावले जानु पर्दछ । यसमा पहलकदमी जरुरी छ । स्थानीय सरकारलाई अभिभावकत्व आवश्यक छ । स्थानीय सभा, जिल्लासभा चलाउन हामीमा विज्ञता छैन, केही अनुभवको आधारमा गरिरहेका छौं । स्थानीय तहले बनाएको कानून तिनतहको कानूनसंग कसरी तादत्मीय छ यी कानूनमा सामन्जस्यता भए नभएको तथा परिणाम कस्तो दियो भनेर हेर्न जरुरी छ ।

**सम्माननीय देवराज घिमिरे, प्रतिनिधि सभाका सभामुखः**



जिल्ला समन्वय समिति महासंघ नेपालको ३०औं स्थापना दिवस आज एक महत्वपूर्ण र ऐतिहासिक दिन हो । यस अवसरमा जिल्ला समन्वय समिति महासंघ नेपालको अमरत्वको लागि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु र यसको कार्यक्रमहरु सफल र प्रभावकारी रहुन भन्ने विचार व्यक्त गर्न चाहन्छु ।

प्रजातन्त्रको स्थापनाको लागि ठूलो योगदान दिनु भएको कृष्णलाल सापकोटा यस महासंघको स्थापना कालका अध्यक्ष समेत रहनु भएको र आज उहाँको यस कार्यक्रममा उपस्थिति समेतमा हामी ज्यादै हर्षित र गौरवान्वित छौं । संघीय संसदले बहुदलीय पद्धत्ति अन्तर्गत संघीय शासनको अभ्यास गरिरहेको छ । देशमा तीन तहको सरकार रहेकोमा जिल्लामा ति निकायहरुले सम्पादन गर्ने काममा समन्वय र अनुगमन जस्तो महत्वपूर्ण जिम्मेवारी जिल्ला समन्वय समितिलाई सुम्पिएको छ । संविधानको दफा २२०, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ मा जिल्ला समन्वय समितिको भूमिकाको व्यवस्था छ । जिल्ला समन्वय समितिको भूमिकाको अझ सशक्तिकरणको लागि हामी आफ्नो तर्फबाट प्रतिवद्ध रहेका छौं । जिल्ला समन्वय समितिले आफ्नो जिम्मेवारी कुसलतापूर्वक निभाउनु पर्दछ, यो आजको आवश्यकता हो । अहिले विभिन्न हिसावले संविधान संशोधनको कुरा उठिहेको छ र यसै सेरोफेरोमा

जिल्ला समन्वय समिति महासंघ नेपालको स्थापना दिवस पनि परेकोले धेरैजसो जिल्ला समन्वय समितिबाट प्रमुख, उपप्रमुखज्यूहरुको उपस्थिति पनि छ, जिल्ला समन्वय समितिका विभिन्न जिम्मेवारीहरु त छँदै छन् तथापी अव भोलि वृहंगम ढंगबाट संविधानको समिक्षा हुने, संविधान संशोधनको प्रकृया तय हुने र विभिन्न अस्पष्ट रहेका तथा ९ वर्ष सम्म प्रयोग भएका अनुभवहरुबाट यो कार्यालयलाई प्रभावकारी बनाउनको लागि के गर्ने, कसरी जाने भन्ने कुरा स्पष्ट रुपमा हामीले दृष्टिकोणहरु बनाउने र जिल्ला समन्वय समितिको संस्थागत संरचना, क्षमता विकास आवश्यकता र प्रभावकारीता जस्ता खास खास विषयमा केही किटानीका साथ जानुपर्छ र यस विषयमा तयारी रहन जरुरी छ । कानुनमा केही अस्पष्टता रहँदा रहँदै पनि जिल्ला समन्वय समितिले गर्न सक्ने धेरै कामहरु छन् जसमा यहाँहरुको विज्ञताबाट हुने कार्यसम्पादनमा उत्कृष्टता यहाँहरुको लागि अवसर समेत हो ।

**श्री कलानिधी देवकोटा, कार्यकरी निर्देशक, नेपाल नगरपालिका संघः**



राष्ट्रिय समन्वय परिषदको बैठकले गरेको ७ वटा निर्णय कार्यान्वयन संघीयता कार्यान्वय तथा विद्यमान राष्ट्रिय सवालहरुमा तीनवटै संघ/महासंघहरुले सहकार्य गर्नुपर्ने हुन्छ । तीनवटै सरकारले सम्पादन गर्ने कार्यवाट नागरिकले तिरेको करको सहि उपयोग हुनुपर्ने दिसामा हाम्रा उद्देश्यहरु मुखरित हुनुपर्दछ र यसकोलागि सहकार्यमा प्रतिवद्धता जरुरी हुन्छ । Function, Fund र Functionery यो तीनवटाको तालमेल हुन सकेन भने कार्यसम्पादनमा कठिनाई हुन्छ । समन्वय र अनुगमन जिल्ला समन्वय समितिले पाएको Function हो । जिल्ला सभा पनि जिल्लाको निर्वाचित सभा हो । प्रदेश सरकारको जिल्लामा उपर्युक्त पार्टनर नभएर आफ्नै कार्यालय खोल्ने तर्फ लागिरहनु भएको देखिन्छ । प्रदेश सरकारले आफ्नो कार्यक्रम जिल्ला समन्वय समिति मार्फत गर्दा उपर्युक्त हुन्थ्यो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्य जिम्मेवारी भन्दा कर्मचारी सरुवा/बढुवामा बढी सकृय देखिन्छ । यसमा नगरपालिका संघले राष्ट्रिय समन्वय परिषदमा समेत कुरा उठाएको छ । त्यसैले संघीयता कायान्वयनमा जिल्लाभित्रका निकाय, पालिका अन्तर नगरपालिका विच यथार्थ समन्वयको लागि जिल्ला समन्वय समितिको सकृयता महत्वपूण कडी हो । क्षेत्रीय निकाय वा पालिकाको cluster बनाएर क्षमता विकासको कार्यक्रम जिल्ला समन्वय समितिले गर्नुपर्ने जिम्मेवारी हो । जिल्लाका एक आपसका स्थान सामाजिक, आर्थिक वा कुनै न कुनै रुपले एउटै जिल्लासंग जोडिएका हुन्छन । शहरहरुको समन्वयको केन्द्रको रुपमा जिल्ला संयन्त्रको भूमिका ज्यादै ठूलो छ ।

**कृष्णलाल सापकोटा, महासंघ संस्थापक अध्यक्ष :**



आज जिल्ला समन्वय समिति महासंघले गरेको कामको मूल्यांकन गर्ने दिन हो । २०४६ सालको जनआन्दोलन पछि केन्द्रीय सरकार बनेपनि अपेक्षित उपलब्धि नभएपछि जिल्ला सम्मन्वय समितिहरुले जिल्ला स्तरबाट सरकारी कामकाजमा चुस्तता ल्याउन सबै जिल्लाहरुको प्रतिनिधि संस्था खोलेको हो । जनताको अपेक्षा पुरा गर्न जिल्ला समन्वय समिति एक महत्वपूर्ण कार्यालय हो । जिल्लाको लागि बजेट निश्चित हुन्छ तर कार्यक्रमहरु असाध्यै धेरै आउँछन् । समग्र जिल्लाको विकासलाई संतुलित बनाउन, केन्द्रीय सरकारमा भएको अधिकार स्थानीय निकायमा पुर्‍याउन र कार्यान्वयनमा सहजीकरणको लागि महासंघको स्थापना गरिएको हो । विभिन्न आरोह अवरोहका विच २००७ साल देखि प्रत्येक १०/१० वर्षमा केहि न केही परिवर्तन आएको छ । त्यसैले जिल्ला समन्वय समितिको भूमिका बढाउनुहोस । आफ्नो स्वमूल्यांकन गरौं, अरुलाई गालि गरेर देश बन्दैन । एक अर्का राजनीतिक पार्टीलाई गाली गरेर, सरकारको आलोचना गरेर मात्र समय खेर फाल्नु हुँदैन । लोकतन्त्रको परिभाषा लोक कल्याणकारी हुनुपर्दछ । स्थानीय तह, प्रदेश सरकार र केन्द्रीय सरकारलाई समन्वय गर्ने जिम्मेवारी महासंघको हो । यसमा उद्देश्य अनुरुप अफ्र काम हुनु जरुरी छ । के के समन्वय गर्नुभयो, आफ्नो बारेमा आफैं मूल्यांकन गर्नुहोस । हामीले गरेका समन्वयले कस्तो परिणाम दियो, लेखाजोखा गर्नुहोस । यस कार्यक्रममा सभामूख आएको त ठिकै छ तर कार्यकारी सामु हाम्रा कुरा प्रस्टसंग राख्न सल्लाह दिन्छु ।

**कौशल किशोर सिंह, महासंघ मधेश प्रदेश अध्यक्ष :**



महासंघको ३०औं स्थापना दिवस विभिन्न कालखण्डका आरोह विच ३०औं स्थापना दिवस हो । यो अवसरमा पछाडी ब्यानर मिलेन । २०७५ राखिएको रहेछ । यो २०५१ साल हुनुपर्थ्यो । आज बिषयगत मन्त्रालयहरुबाट पनि यहां प्रतिनिधित्व हुनुपर्थ्यो, सभामुख समेत गइसक्नुभयो । त्यसैले प्रमुख सवालमा कुरा उठाउँदा पनि सुन्नको लागि यहाँ कोही छैन । कानुन बनेन, के बन्नुपर्छ, संविधानमा के परिवर्तन गर्नुपर्छ, कानुनमा के परिवर्तन गुर्नपर्छ यो छलफल गर्नुपर्ने अवस्था यहाँ रहेन । महासचिवले महासंघको धेरै काम भएको छ भन्नु भएको छ । कास्कीको पोखरामा भएको चौथो राष्ट्रिय परिषद बैठकबाट हामी निर्वाचित भएका हौं, यो कार्य समिति निर्वाचित भएको हो । हाम्रो विधान अनुसार $2^{1}/_{2}$ वर्षे कार्यकाल पुरा गरेको अवस्था छ, काम गरेको त धेरै भन्नु भयो र तर लामो समयदेखि महासंघको बैठकहरु बसेजस्तो लाग्दैन । स्थापना दिवस मनाउने दिन भन्दा अगाडी केन्द्रीय समितिको बैठक बस्नु पर्थ्यो । महासंघमा कामै नभएको हामी भन्दैनौ तर पोखरामा निर्वाचित हुँदा जुन उत्साह थियो त्यो उत्साह अहिले देखिँदैन । पदाधिकारीहरु जिल्ला समन्वय समितिको भूमिका बढाउँन र जिल्ला समन्वय समितिसंग सम्बन्धित कानून बनाउने परिमार्जन गर्ने जस्ता विषयमा ध्यान दिएको जस्तो देखिंदैन । महासंघको कार्यक्रममा जाँदा लिएको दैनिक भ्रमण भत्तालाई म.ले.प.ले बेरुजु लेख्ने गरेको छ । यो सामान्य विषयमा पनि पहल नभएको अवस्था छ । महासंघले काम गरेको त भन्नुहुन्छ तर काम गरेको वा बैठक बसेको हामीलाई थाहा छैन । त्यसैले यी विषयमा हाम्रो ध्यान जानु पर्दछ ।

**मञ्जन बहादुर कार्की, महासंघ कर्णाली प्रदेश अध्यक्ष :**



हामी सबैको जीवन संघर्षमय छ । म हालै नवलपुर जिल्लामा गाडी दुर्घट्नामा परें । ७७ वटै जिल्ला समन्वय समितिबाट अधिकांश प्रमुख/उपप्रमुखज्यूहरुको यस सभामा उपस्थिति रहेकोमा खुशी लागेको छ । महासंघले हालै केही कार्यहरु तदारुकता साथ गरिएको देखिन्छ । जिल्ला समन्वय समितिको अधिकारको बारेमा हामीहरु लागि रहेका छौ तर सरकारका अन्य निकाय, मन्त्रालयबाट जुन स्तरको सहयोग, सहकार्य हुनुपर्थ्यो त्यो हुन सकिरहेको छैन । संविधानले दिएका अधिकार बाहेक जिल्ला समन्वय समितिको कानून प्रदेश सरकारले बनउने भनिएको छ । त्यो पनि सुस्त छ । जिल्ला समन्वय समिति महासंघ कर्णाली प्रदेशले त ४ वटा प्रदेश भेला नै गरिसस्यो, अन्य धेरै भेला, छलफल लगातार भै रहेकै छ । जिल्लामा योजना बैंक, अनुगमन, नियमनमा जिल्ला समन्वय समिति का कार्यक्रमहरु केन्द्रित हुनुपर्दछ । कतिपय ठाउँमा यी कार्यहरु जिल्ला समन्वय समितिहरुले कुसलतापूर्वक भइरहेका छन । तर कतिपय ठाउँमा पालिका

समेत बाट सहयोग भएको छैन । जिल्ला सभामा नआउने, आएपनि मुख्य ऐजेण्डामा छलफल नगर्ने प्रवृत्ति छ ।

महासंघको एउटा कार्यक्रम मुगुको रारामा अयोजना गर्ने विचार छ । जिल्ला समन्वय समिति जुम्ला तथा अन्य जिल्लाले पनि कार्यक्रमहरु आयोजनागर्ने सल्लाह हुँदैछ ।

**गगन सिंह भण्डारी, महासंघ सुदूरपश्चिम प्रदेश अध्यक्ष :**



जिल्ला समन्वय समितिहरुको महासंघ स्थापना गर्नुहुने आदरणिय संस्थापक अध्यक्ष कृष्णलाल सापकोटाज्यू विभिन्न परिस्थितिको साँछी रहनु भएको तथा प्रजातन्त्रको धरोहरको रुपमा रहनु भएकोमा हार्दिक अभिवादन गर्दछु । संविधानमा जिल्ला समन्वय समितिको भूमिका रहेको तर यसलाई अझ कृयाशिल र प्रभावकारी बनाउन आगामी संसदमा छलफल हुने र उक्त छलफल परिणामुखी बनाउन हाम्रो विशेष पहल रहने छ । हरेक जिल्लाका मानव विकासका सूचकाँकहरुलाई आधार मानेर जिल्ला समन्वय समितिहरुले आफ्ना नीति निर्माण गरिने छ । जिल्लामा रहने कार्यालयहरु तथा पालिकाहरुमा समन्वय र अनुगमन अझ ससक्त बनाइने छ । स्थानीय सरकार अन्तर समन्वयको सम्बन्धमा पनि हाम्रा प्रयासहरु विशेष रुपमा रहने छन् । अनुगमन र मूल्यांकन रहँदै गर्दा प्रत्येक जिल्लामा हामी आफ्ना जिल्ला भित्रका पालिका र जिल्लामा रहेका कार्यालयहरुमा रहेका समस्या समाधानमा दत्त चित्त भै कार्य अगाडी बढाएका छौं । यसलाई अझ प्रभावकारी बनाउन थप साधन, स्रोतको जरुरी छ । जिल्ला सभालाई प्रभावकारी बनाउन जरुरी छ । जिल्ला स्तरीय संयन्त्र बनाई व्यवस्थित गर्नु जरुरी छ । यसमा महासंघको पहल हुने विश्वास छ । सुदुरपश्चिम प्रदेशले जिल्ला समन्वय समितिको लागि आधारभूत बजेट छुट्याउन समेत कन्जुस्याँई गरेको छ ।

**नवराज गेलाल, जि.स.स. महासंघ नेपालका निवर्तमान अध्यक्ष :**



जिल्ला समन्वय समितिको बनावटमै केही परिवर्तन गर्नुपर्ने जस्तो लाग्छ । हाल जिल्ला समन्वय समितिका पदाधिकारीलाई पालिकाका मेयर/उपमेयर र अध्यक्ष/उपाध्यक्षले मात्र भोट गरि निर्वाचित गर्नुहुने प्रावधानले अपनत्वमा समस्या देखियो । यसको दायरा अरु फराकिलो बनाउन वडाध्यक्षले पनि भोट दिन पाउने व्यवस्था हुन सक्दा राम्रो हुने थियो । यो विषयमा वहस गर्ने कि ? जिल्लाका रेडक्रस जस्ता संस्थाले पनि भोट दिन पाउने भए अझ राम्रो हुने थियो । यसले जिल्ला समन्वय समितिलाई सर्व स्वीकार्य बनाउन थप मद्दत मिल्नेछ । यस्तो संस्था बनाउँ कि मेयर/उपमेयरहरुले जिल्ला समन्वय समितिको लागि लविङ गरुन । यसको लागि संस्थागत क्षमता विकासको जरुरी छ । जिल्ला समन्वय समिति प्रतिस्पर्धी भएर निर्वाचनमा जाने वातावरण बनाउनु पर्दछ । दोस्रो, संविधान र ऐनमा जि.स.स. सम्बन्धी विरोधाभास छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले सभाको कल्पना गरेको छ, त्यो सभाले कानून बनाउन सक्छ भन्छ, सबैले पढनु होला । तर त्यो कानून बनाउन सक्छ त भन्यो तर त्यसलाई support गर्ने अन्यत्र कतै उल्लेख छैन । कहीं पनि सभाले कानुन बनाएको छैन । अर्थले मान्दैन, क-कसले मान्दैन भन्दै टार्छन । यो कुरा मुख्य दलका नेतासामु पुऱ्याउन जरुरी छ । जिल्ला समन्वय समितिलाई कसरी जीवन्त बनाउने भन्ने कुरा न संघीय बजेटले सम्बोधन गर्छ न अन्य निकायले । त्यसैले हामी संघ र प्रदेश सरकारमा मात्र लिएर जाउँ, स्थानीय सरकार संचालन ऐन ल्याउँदा सिंहदरबार भित्र हामीले लाठी खाएका छौं, हाम्रो टाउको फुटेको र हामीले संघीय संसदलाई हस्तक्षपकारी हिसावले परिचालन गरेपछि राष्ट्रिय मिडियाले पनि प्रशारण गऱ्यो । नेताहरुसंग छलफल गऱ्यौं र केही अधिकार हामीले पायौं । जिल्ला समन्वय समितिले जिल्लामा एउटा सूचना केन्द्र अनिवार्य राख्नु पर्छ । जिल्लाका कार्यालयहरु र पालिकामा वेरुजु ज्यादै बढेको छ । जि.स.स.ले आन्तरिक टिम बनाएर ती निकायहरुको आ.ले.प. पनि गर्न सक्छ । २-३ वटा पालिका मिलाएर एकिकृत सेवा जस्तै पशु सेवा, कृषिको एकिकृत सेवा दिन सकेका छैनौं । एक प्रकृतिको कर्मचारी एउटा पालिकामा छ अर्को कर्मचारी अर्कै पालिकामा छ अनि जिल्ला अन्तर सेवा लिनु परेको छ । जस्तै उपत्यकामा पशुसेवा लिनु पऱ्यो भने ललितपुर जानुपर्ने बाध्यता छ, वनको सेवा लिनु पऱ्यो भने धादिङ जानु परेको छ । अर्को कुनै सेवा लिन हेटौंडा जानु पर्ला । सेवालाई स्तरीय बनाउन सेवा केन्द्र चाहिं जिल्ला समन्वय समितिको छाता मार्फत संचालन हुने व्यवसथ मिलाउन राम्रो हुन्छ । यसो गर्दा सेवा प्रवाह पनि हुने र जि.स.स.को भूमिका पनि देखिने हुन्छ । यो हिउँदे अधिवेसनमा माग लिएर जाँउ किनकी हाम्रो अधिकार प्राप्तिको लडाई सकिएको छैन । विज्ञ राखेर हाम्रा issue हरु अझ छलफल गर्नु जरुरी छ ।

**राजन मेहता, अध्यक्ष, जिल्ला समन्वय समिति महासंघ नेपाल :**

हाम्रो समाज कुनै समस्यामा पनि दोष अरुलाई देखाउने प्रवृत्तिको छ, यो समाजको विकासको बाधक हो । हामीमा केही समस्या छ तर साविक जिल्ला विकास समिति हुँदै जिल्ला समन्वय समिति सम्म आईपुग्दा आज देशमा भएका उपलब्धिहरुमा हाम्रो योगदान महत्वपूर्ण छ । हाम्रा गतिविधिहरु केही सुस्त भएजस्तो लाग्छ तर हामी जिल्ला समन्वय समितिको क्षमता विकास, संरचनागत विकासको लागि हाम्रा कार्यक्रमहरु लक्षित छन् । विभिन्न कठिनाईका वावजुध पनि हामी हरेक क्षेत्रमा जिल्ला समन्वय समितिले के योगदान गर्न सक्छ,



तीन तहका सरकारमा कार्यक्रमहरु कस्ता छन् र यी कार्यक्रमहरु कार्यान्वयन कसरी गर्ने भनि हामीले समय सांदर्भिक रणनीतिहरु प्रस्तुत गरेका छौं । जिल्ला समन्वय समितिको काम कारवाहीमा चुस्तता तथा कार्यक्रमहरु परिणाममुखी बनाउन, हाम्रा प्रतिवेदनहरु स्तरीय बनाउन, समिक्षा बैठक परिणाममुखी बनाउने खाका, कार्यक्रमको क्यालेण्डर निर्माण र सुपरभिजनको विभिन्न टुल्स (जस्तै कार्यक्रमको विवरण, कार्यक्रम तालिका, डेक्सटप रिभ्यू मोडालिटि आदी) मार्फत जिल्ला समन्वय समितिहरुलाई सुशुचित गराएका छौं । कामको गुणस्तरीयता, समय सिमामा परिणाम एवं कार्यसंपादन मूल्यांकनको तयारीमा हामीले गरेको प्रयासमा यहाँहरु विदितै हुनुहुन्छ । जिल्लाको सूचना केन्द्रको रुपमा जिल्ला समन्वय समितिलाई हामी स्थापित गर्नेछौं । कानूनी स्पष्टता, अब्बल प्राविधिकले सुसज्जित कार्यालयको स्तरोन्नति, कर्मचारी र पदाधिकारीको बुझाइमाएकरुपता, क्षमता विकास मार्फत जिल्ला समन्वय समितिका जिम्मेवारीहरु पुरा गर्न गरिएको हाम्रो सक्रियतामा यहाँहरुको साथ र सहयोगको अपेक्षा गर्दछु ।

हामी यथाशिघ्र प्रदेशस्तरमा सबै पदाधिकारी तथा समन्वय अधिकारीलाई ७ वटै प्रदेशमा जिल्ला समन्वय सम्बन्धमा कार्यशाला गोष्ठी गरिने कार्यक्रम रहेको छ । कर्मचारी र पदाधिकारी विच राम्रो सम्बन्धले मात्र आशातित परिणाम निकाल्न सकिन्छ ।

अन्त्यमा अध्यक्षज्यूले महासंघको ३०औं स्थापना दिवसको अवसरमा पाल्नुभएको प्रमुख अतिथि, विशेष अतिथि, आमन्त्रित अतिथिहरु साथै ७७ वटै जिल्ला समन्वय समितिबाट पाल्नु भएका प्रमुख/उपप्रमुख एवं पत्रकारहरु सबैलाई धन्यबादका साथ आजको स्थापना दिवसको कार्यक्रम समापन भएको जानकारी दिनुभयो ।

# समाजसेवीलाइ कदर-पत्र




जिल्ला समन्वय समिति महासंघ नेपालको ३०औं स्थापना दिवसको अवसरमा जे.भी. फाउण्डेशनका केन्द्रिय अध्यक्ष माननीय राष्ट्रिय समाजसेवी प्रा.डा. जगदीश वैद्यज्यूलाई राष्ट्रमा गरेको समाजसेवाको उच्च मूल्यांकन गरि महासचिव अशोक कुमार घिमिरेले दोसल्ला ओढाएर तथा अध्यक्ष राजन मेहताज्यूले कदर-पत्र प्रदान गरेर सम्मान गर्नुभयो ।

प्राप्त जानकारी अनुसार माननीय राष्ट्रिय समाजसेवी प्रा.डा. जगदीश वैद्यज्यूले वि.सं. २०३५ साल देखि हाल सम्म निरन्तररुपमा समाजसेवा गर्दै आउनु भएको, २०४५ सालमा धरान केन्द्र विन्दु भएर गएको भुकम्प, २०५० सालको दैविक प्रकोप बाढी पहिरो राहतको ६०% राहत उहाँको व्यक्तिगत प्रयासबाट नेपाल सरकारलाई जम्मागरी राष्ट्रिय किर्तिमान कायम गरेकाले राष्ट्रले राष्ट्रिय समाजसेवी पदवीबाट सम्मानित भएर नेपाल सरकार, गृहमन्त्रालयबाट नेपाल भरी नेपाल सरकारको सम्पुर्ण निकायमा परिपत्र गरेको, २०७२ सालको महाभुकम्पमा जीवन भरी कमाएको सम्पुर्ण रकम सहयोग गरेको, सन् २०१९ (कोभिड-१९) को महामारी हुँदा नेपाल भरी खाद्यान्न, लत्ता कपडा, औषधी सहयोग गरेको, २०८० सालको भुकम्पमा सहयोग गरेको र हाल ६० वटा जिल्ला समन्वय समिति र ६७२ पालिकामा प्रमुख सल्लाहकार रहनु भएको ।

# नव नियुक्त कार्यकारी निर्देशक



जिल्ला समन्वय समिति महासंघ नेपालको कार्यकारी निर्देशक पद लामो समयदेखि रिक्त रहेकोमा कार्य सम्पादन समितिबाट धापासी-६, काठमाण्डौं निवासी श्री **भरत कुमार भट्टराईलाई** २०८१ साउन ३ गतेबाट जिल्ला समन्वय समिति महासंघ नेपालको कार्यकारी निर्देशकको रुपमा नियुक्त हुनुभएको छ ।

पुनर्वीमा, जोखिम न्यूनिकरण, सूचना अधिकारी, कम्प्लायन्स/कार्यान्वयन अधिकारी, वित्त, प्रशासनको उच्च व्यवस्थापनमा ख्यातिप्राप्त वीमा कम्पनी, अन्तरराष्ट्रिय पुनर्वीमा सेवा कम्पनी, नेपाल सरकार/विश्व बैंक अन्तरगतको गरीवी निवारण कोष जस्ता निकायमा कार्यकुशलता प्रदर्शन गर्नुभएका भट्टराई युनिभर्सिटी अफ मद्रास (भारत) बाट अर्थशास्त्रमा स्नात्तकोत्तर, त्रिभुवन विश्वविद्यालयबाट राजनीति शास्त्रमा स्नात्तकोत्तर र वित्त व्यवस्थापनमा स्नात्तक हुनुहुन्छ ।

जिल्ला समन्वय समिति सम्बन्धी संबैधानिक प्रावधान (धारा २२०), स्थानीय सरकार संचालन ऐन २०७४, संघ, प्रदेश र स्थानीयतह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ समेतलाई प्रभावकारी कार्यान्वयनको प्रवन्ध गर्न महासंघको कार्य समितिलाई सहयोग गर्न वहां प्रतिवद्ध रहनु भएको छ ।

# संविधानको कार्यविस्तृतीकरण परिमार्जन



मिति २०८१ फाल्गुन १३ गते, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा रहेको गृहमन्त्रीज्यूको संयोजकत्व रहेको कार्यविस्तृतीकरण परिमार्जन सिफारिस समितिबाट प्राप्त खाका (draft) प्रतिवेदन सम्बन्धमा प्रधानमन्त्री कार्यालयमा भएको छलफल । उक्त छलफलमा माननीय गृहमन्त्री, तीनवटा प्रदेशका मूख्यमन्त्री, विज्ञ समूह, गाउँपालिका महासंघ, नगरपालिका संघको साथै जिल्ला समन्वय समिति महासंघ नेपालका अध्यक्ष राजन मेहता र कार्यकारी निर्देशक भरत कुमार भट्टराईको सहभागिता रहेको । कार्यविस्तृतीकरण परिमार्जन प्रक्रिया अगाडी बढेकोले उक्त खाकामा सुझाव मागिएको छ । ***नोटः जिल्ला समन्वय समितिको सुझाव २०८१ फाल्गुन १८ गते पेस गरिएको ।***

# जिल्ला समन्वय समिति महासंघ नेपालको "३०औं स्थापना दिवस - २०८१" को अवसरमा
## (जि.स.स.को क्षमता अभिवृद्धि एवं पुनर्ताजगी कार्यक्रम)






जिल्ला समन्वय समिति महासंघ नेपालको ३०औं स्थापना दिवसको अवसरमा २०८१ माघ ११ गते शुक्रवार जिल्ला समन्वय समिति काठमाण्डौंले ७८ वटै जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुखज्यूहरुको स्वागत एवं अनुभव आदान प्रदानको लागि कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रम नेपाली कांग्रेसका सभापति एवं पूर्व प्रधानमंत्री सम्माननीय शेर बहादुर देउवाज्युको प्रमुख आतिथ्यतामा चन्द्रागिरि हिल्स रिसोर्ट, चन्द्रागिरि, काठमाण्डौंमा भव्यताका साथ सम्पन्न भयो ।

**जिल्ला समन्वय समिति काठमाण्डौका प्रमुख सन्तोष बुढाथोकीः**



जिल्ला समन्वय समिति महासंघको ३०औं स्थापना दिवसको अवसर पारेर ७८ वटै जिल्ला समन्वय समितिहरुलाई आमन्त्रित यस कार्यक्रममा जिसस प्रमुख, उपप्रमुखहरु विच कार्यक्षत्रका आ-आफ्नो अनुभव आदान-प्रदान तथा क्षमता अभिवृद्धि एवं पुनर्ताजगी कार्यक्रममा सबैलाई स्वागत मन्तव्य राख्दै घरआँगनको स्थानीय सरकार, प्रदेश सरकारी कार्यालय र संघ सरकारको कार्यालय संग समन्वय गर्ने अधिकार जिल्ला समन्वय समितिको रहेको र यसअन्तर्गत आफ्ना कार्यक्रम/जिम्मेवारी हरुलाई प्रभावकारी बनाउन जिल्ला समन्वय समितिहरु अझवढि सकृय हुनुपर्ने बताउनु भयो । जिल्ला समन्वय समितिहरू प्रभावकारी रूपमा अगाडि बढ्न सके भ्रष्टाचारमा कमी आउने भएको हुँदा प्रमुख अतिथि सामु कानुनी अधिकार बढाइदिन आग्रह गर्नुभयो । २०७२ सालमा नयाँ संविधान जारी भएसँगै संघ, प्रदेश र स्थानीय तहको दुईपटक चुनाव सम्पन्न भइसकेको भन्दै दोस्रोपटक तीनै तहको निर्वाचन सम्पन्न भएर संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत हुँदै गएको उल्लेख गर्नु भयो । जिल्ला समन्वय समिति


काठमाडौँद्वारा देशका सबै जिल्लाका "जिल्लाा समन्वय समिति" प्रमुख र उपप्रमुखहरुको स्वागतार्थ आयोजित क्षमता अभिवृद्धि एवं पुनर्ताजगी कार्यक्रमका अध्यक्ष बुढाथोकीले पालिकाहरुबीचको विवादमा समन्वयकारी भूमिका निर्वाह गरी समस्या समाधान गर्ने दायित्व आफूहरुमा रहेको बताउनु भयो । उहांले समन्वय समितिका काम, कर्तब्य र अधिकारबारे प्रष्ट हुनसमेत सबैमा आग्रह गरे।

**प्रमुख आतिथि नेपाली कांग्रेसका सभापति एवं सम्मानिय पूर्व प्रधानमंत्री श्री शेर बहादुर देउवाः**

जिल्ला समन्वय समिति महासंघ नेपालको ३०औं स्थापना दिवसको अवसरमा सबै जिल्लाबाट आउनुभएका जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुखहरुको सहभागिता भएको यस कार्यक्रम पूर्ण सफल रहोस भनि जिल्ला समन्वय समितिले स्थानीय सरकारलाई मात्र होइन, गाँउपालिका, नगरपालिका, प्रदेश पालिका, प्रदेश संघ सरकारलाई नै समन्वय गरी अगाडि बढ्न सुझाव दिनुभयो । त्यसका लागि आफूले सहयोग समेत गर्ने बताउनुभयो ।

सबै स्थानीय तहमा जनतालाई दिने सेवा-सुविधालाई प्रभावकारी र चुस्त बनाउँदै आर्थिक र सामाजिक विकास सहितको समृद्धितर्फ अगाडि बढेको बताएका छन् ।

देउवाले लोकतान्त्रिक गणतन्त्रले जनतालाई वास्तविक अर्थमा जनार्दन बनाएको बताए । जनतासँग प्रत्यक्ष जोडिएर संघीय गणतन्त्रको सही अभ्यास गर्ने थलो स्थानीय तह रहेको ब्याख्या गर्नु भयो । हाम्रो संविधानले स्थानीय तहलाई लोकतन्त्रको प्राणको रुपमा ब्याख्या गरेको




छ । यस्तो महत्वपूर्ण निकायको समन्वय र अनुगमन कायम गर्न हरेक जिल्लाका जिल्ला समन्वय समितिहरुको महत्वपूर्ण भूमिका हुन्छ । विकासका कार्यमा सुशासनसहित समावेशिता, सहभागिता पारदर्शिता, क्षेत्रगत एवं पर्यावरणीय सन्तुलन जस्ता उपलब्धि हासिल गर्न समन्वय समितिको ध्यान जान आवश्यक रहेको वहांले वताउनुभयो ।

कानुनी रुपले समन्वय नै मूल जिम्मेवारी भएका कारण पालिकाहरुबीच मात्र नभई प्रदेश र संघबीच समन्वय गरी प्रभावकारी कार्यसम्पादन गराउने भूमिका तपाईहरूको छ, आगामी दिनमा अनुगमन, मूल्यांन र समन्वयलाई प्रभावकारी बनाउँदै संघ, प्रदेश र स्थानीय तहका सेवा प्रवाहलाई चुस्त बनाउन तपाईहरूको थप ध्यान पुग्नेछ भन्ने अपेक्षा गरेको छु भनि बजेट, पूर्वाधार, कानुन तर्जुमा लगायत समस्यामा आफू र आफ्नो पार्टीले सहयोगी भूमिका खेल्ने प्रतिबद्धता ब्यक्त गर्नु भयो ।

**चन्द्रागिरि नगरपालिकाका मेयर घनश्याम गिरिः**



श्री गिरिले चन्द्रागिरि नगरपालिकाले गरेकाले विकास निर्माणमा गरेको कार्यको सूचक तथा असल अभ्यासहरुको वारेमा प्रस्तुति प्रस्तुत गर्नु भयो ।

**जिल्ला समन्वय समिति महासंघ नेपालका उपमहासचिव एवं जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकका प्रमुख दिपक गौतमः**



यस महासंघको ३०औं स्थापना दिवसमा आफुलाई बोल्ने मौका दिनुभएकोमा धन्यबाद दिंदै ७७ वटै जिल्ला समन्वय समितिहरुको उपस्थिति एवं एक लाख पर्यटकको माझ जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकले मिति २०८१ चैत्र १४ - १८ गते सम्म "विश्व युवा महोत्सव" आयोजना गर्न गैरहेको ब्यहोरा सगौरव जानकारी गराउँदै, यसरी हुन गैरहेको अन्तर्राष्ट्रिय स्तरको कार्यक्रमलाई भब्यतापूर्वक सम्पन्न गर्न उक्त महोत्सव सम्बन्धि वृहत तथा केही कार्ययोजना गरिएको जानकारी दिंदै सबैलाई आमन्त्रण गर्नु भएको थियो । कार्यक्रममा समाज रुपान्तरणका लागि बलियो स्थानीय सरकार नै रहेको सहभागीको भनाइ थियो ।

**भरत कुमार भट्टराई, कार्यकारी निर्देशक, जिल्ला समन्वय समिति महासंघः**

"जिल्ला समन्वय समिति महासंघ नेपाल" नेपाल सरकार, मन्त्रिपरिषदबाट स्विकृत ७७ वटै जिल्ला समन्वय समितिको प्रतिनिधि कार्यालय रहेको बताउनुभयो ।




जिल्लाको सूचना केन्द्रको रुपमा जिल्ला समन्वय समितिहरुले विद्यमान कानुन र संवैधानिक व्यवस्था अनुसार सम्पादन गर्न सक्ने आधारहरुका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँले लेखा सम्बन्धी विवरण राख्ने SuTRA, स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको लागि LISA मा monitoring र feedback, स्थानीयतह वित्तीय सुशासन जोखिम मूल्यांकनको लागि FRA मा monitoring र evaluation, स्थानीय आर्थिक विकासको सूचक रहने LED मा monitoring र evaluation लगाएत विपद्ध सम्बन्धी सूचना प्रणालीका जिल्ला स्थित कार्यालय हरुले प्रयोग गर्ने Software मा पृष्ठपोषण उपलब्ध गराउने र प्रणाली सुधार जिल्ला समन्वय समितिको कर्तब्य रहेको बताउनु भयो ।

जिल्ला समन्वय समितिको अर्को महत्वपूर्ण जिम्मेवारीमा अनुगमन रहेको र निकायहरूको काम कारवाहीको अनुगमनको लागि Field Monitoring र Desk Momitoring का छुट्टा छुटै रणनीति बनाएर काम गर्नु पर्ने बताउनु भयो । जिल्ला समन्वय समितिहरूमा हाल श्रोत साधनको कमि रहेको सन्दर्भमा Desk Moitoring जस्ता जाँचकीका tools हरु प्रयोग गरेर अनुगमन गरी प्रतिवेदन बनाई आफ्नो जिम्मेवारी पुरा गर्दा किफायती एवं समयको बचत हुने हुंदा यसतर्फ ध्यानाकृष्ट गर्नुभयो ।

यी जिम्मेवारीहरु पुरा गर्न पहिले आफ्नै website (जस्तै www.dccdolpa.gov.np) मा रहेका फिचरहरु प्रभावकारी, कामयावी र सूचना पूर्ण राख्ने तर्फ ध्यान केन्द्रीत गर्नु पर्ने बताउनु भयो ।

वहाँले जिल्लाको सूचना केन्द्र को रूपमा रहने जिल्ला समन्वय समितिहरुले राष्ट्रिय योजना आयोग, राष्ट्रिय सतर्कता केन्द्र, महालेखा परिक्षकको कार्यालय को.ले.नि.का, लगानी बोर्ड, तथ्याङ्ग कार्यालय, प्रदेश सुशासन केन्द्र, क्षमता विकासका निकाय, जिल्ला उद्योग बाणिज्य संघ, जिल्ला पत्रकार संघ, जिल्ला स्थित गैर सरकारी संघ जस्ता निकाय सँगको निकट सामिप्यतामा आफूले तयार गर्नुपर्ने प्रतिवेदनका कार्य गर्नुपर्ने बताउनु भयो ।

भट्टराइले जिल्ला स्तरीय तथ्यांक ब्यवस्थापन, दिगो विकासका लक्ष, आवधिक योजनाका लक्ष तथा सरकारको वार्षिक लक्ष हासिल गर्नको लागि जिल्ला समन्वय समितिहरु जिल्लाको प्रमुख श्रोत केन्द्रको रुपमा विकास गरिने उल्लेख गर्नुभयो ।



UNESCO Nepal का प्रतिनिधि वर्षा लेखीले उक्त निकायले नेपालमा गरिरहेको कार्यक्रमको कार्यप्रस्तुती प्रस्तुत गर्नुभयो । युनेस्कोले सबैको लागि गुणस्तरीय शिक्षा प्रप्ति, महिला सशक्तिकरण, भुकम्प पछिको पुनःनिर्माण, अन्तर सांस्कृतिक संवाद प्रर्वद्धन, वैज्ञानिक ज्ञान परिचालन लगाएतमा आफ्ना कार्यक्रमहरु गर्दै आएको छ ।

**राष्ट्रिय योजना आयोगका सदस्य डा. आर.पि. विच्छाः**



बजेटको बारेमा कुरा राख्दा जसरी घरको आम्दानी खर्चको अनुमान गर्दछौं, देशको बजेट पनि यस्तै हो, वर्षभरिमा देशले कति राजश्व आर्जन गर्छ, कति अनुदान पाउँछ, कति ऋण लिन्छ र कति खर्च गर्न सकिन्छ भन्ने अनुमान नै बजेट हो भन्दै सरल रुपमा बजेटको जानकारी दिनुभयो ।

हाम्रो जिम्मेवारी भनेको ७७ वटै जिल्लाका ७५३ वटै पवालिकासंग आर्थिक कारोबार समष्टिकरण गरिदिने र समन्वय गरिदिने प्रमुख दायित्व हो । मानिसहरु सोच्दछन कि मेरो कुनै योजना फयाट्ट मन्त्रालयले घुसाई दिए हुन्थ्यो नि, तर त्यो त्यति सजिलो छैन, त्यो प्रस्ताव परियोजना बैंकको सूचि भित्र परेको छ कि छैन, त्यो परियोजनामा लगानीबाट कति मानिस लाभान्वित हुन्छन्, त्यो हेर्नको लागि नियम कानून बनाएको हुन्छ । त्यसैले बजेट माग्नु प्राविधिक कुरा भएकोले थप मेहनत चाहिन्छ । विशेष अनुदान र समपूरक अनुदानको लागि हरेक जिल्लाबाट आएको बजेटको सूची सन्दर्भमा सम्बन्धित निकायबाट चालु आ.व.को लागि अर्धवार्षिक समिक्षा गरिन्छ । यसमा सुक्ष्म स्तरमा बजेट कार्यान्वयनको अवस्थाको विश्लेषण हुन्छ । बजेट खर्च के कसरी गर्ने भन्ने मार्गदर्शन/निर्देशिका पनि हामी सबैलाई पठाउँछौं ता कि ऐन कानुन बाहिर गएर कसैले खर्च गर्न नसकुन भनेर । बजेट कार्यान्वयनको शिलशिलामा आर्थिक अनुशासन भयो भएन भनेर कानूनी आधार सहित अनुगमन हुन्छ । आर्थिक परिचालनमा सुशासनलाई प्राथमिकता दिनु पर्ने हुन्छ र आर्थिक सुशासनको लागि जिल्ला समन्वय समितिले समेत आफ्नो जिल्लामा महत्वपूर्ण भूमिका खेल्न सक्छ । राज्यको नीति कार्यक्रम अनुसार बजेट बन्छ र विनियोजन हुन्छ ।

दोस्रो कुरा राष्ट्रिय योजना आयोगले जिल्ला समन्वय समितिको लागि कार्यक्रम तथा आवश्यक बजेट उपलब्ध गराइने छ । अर्को महत्वपूर्ण कुरा विशेष अनुदान र समपूरक अनुदानका कार्यक्रमहरु सोभै मानव जीवनमा प्रभाव पार्ने खालका हुन्छन । यसैगरि सानातिना विकासका

योजना छन भने वा कुनै पूर्वाधार निर्माण गर्नुपर्ने भए पालिकासंग लागत साझेदारीमा योजना कार्यान्वयन गर्न सकिन्छ ।



**नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) का अध्यक्ष, चन्द्र ढकालः** जिल्ला समन्वय समिति महासंघ नेपालको ३०औं स्थापना दिवसको अवसरमा यस चन्द्रागिरी हिल्समा ७७ वटै जिल्ला समन्वय समितिको लागि अनुभव आदान प्रदान र क्षमता विकासको कार्यक्रम राख्नु भएकोमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

प्रत्येक जिल्लामा हुने देशी तथा विदेशी लगानीले स्थानीय रोजगारी उपलब्ध हुने, जिल्लाका आर्थिक क्रियाकलाप बढने हुनाले लगानी प्रवर्द्धनको लागि जिल्ला समन्वय समितिबाट सहयोगको अपेक्षा गरिन्छ । जिल्ला अनुसार पर्यटन पूर्वाधारमा लगानीको लागि लगानीकर्ताहरुलाई उपयुक्त वातावरण बनाउन पनि विशेष अनुरोध गर्नुभयो । निजी क्षेत्रले ७७ वटै जिल्लाका लगानीकर्ता रहने एउटा Nepal Development Public Limited भनिने सबै जिल्लाका आयोजनाहरु (Project Bank जस्तो) मा लगानी गर्न एउटा ठूलो कोषको व्यवस्थाको लागि तयारी भइरहेको छ । यस सुरुवातले नेपालमा लगानीकर्ता र देशवासीहरुमा ठूलो एवं आशाको किरणका साथ एक सकारात्मक सन्देश दिनेछ । विदेशमा रोजगारीको लागि जाने प्रवृत्तिमा केही कमी आउने छ र युवा पलायन जस्तो समस्यामा राहत पुग्नेछ । यसमा जिल्ला समन्वय समितिको आवश्यक समन्वयको अपेक्षा गरिन्छ । उहाँले यस्तो महत्वपूर्ण कार्यक्रममा निजीक्षेत्रलाई पनि आमन्त्रण गर्नुभई शुभकामना दिने अवसर दिनु भएकोमा नेपाल उद्योग वाणिज्य महासंघको तर्फबाट धन्यवाद व्यक्त गर्दै कार्यक्रमको सफलताको शुभकामना दिनुभयो ।

## "जिल्लाको सूचना केन्द्र" को रुपमा रहने जिल्ला समन्वय समितिको वर्तमान कानूनी व्यवस्था एवं संशोधनको आवश्यकता विषयक वागमती प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम २०८१



मिति २०८१ माघ १३ गते, जिल्ला समन्वय समिति काठमाण्डौंको आयोजनामा बागमती प्रदेशका १३ वटै जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुखहरु, जिल्ला समन्वय समिति महासंघ नेपालका महासचिव अशोक कुमार घिमिरे तथा कर्मचारीहरु र महासंघ बागमती प्रदेश समितिका अध्यक्ष ललित घलानज्यूको उपस्थितिमा बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेको प्रमुख आतित्थ्यतामा काठमाण्डौंमा सम्पन्न भयो ।

कार्यक्रमलाई मन्त्री लामिछानेले प्रदेश आफैलाई अधिकार नभएको बताउनु भयो । अधिकार नभए पनि भएको अधिकारको उपयोग गरी हातेमालो गर्दै अगाडि बढ्नुपर्ने बताउनुभयो । स्थानीय सरकार, प्रदेश सरकार र संघ सरकारलाई नै समन्वय गर्ने अधिकार **जिल्ला समन्वय समिति**को हो । त्यसैले आफ्नो जिम्मेवारी अनुसार काम त गर्दै गर्नुनै हुने विश्वास लिएको छु । जिससको लागि प्रदेशका तर्फबाट सक्ने जति कानुनी बाटो खोल्न आफूले सकेको पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । जिल्लाभित्र सञ्चालन हुने संघ, प्रदेश र स्थानीय तहका जति पनि योजनाहरु छन् ति सबै योजनाको बारेमा तिनै तहका जनप्रतिनिधिले छलफल गरी आवश्यक योजना कार्यान्व्यन गर्न, तत्काल आवश्यक नभएका योजनालाई उपयुक्त समयमा कार्यान्व्यन गर्ने तथा बाँकी योजनालाई योजना बैंक मार्फत कार्यान्वयन गर्ने हो भने योजनामा दोहोरो / तेहोरोपना हुदैन र योजना पनि प्रभावकारी रुपमा कार्यान्वयन हुन्छ । यस वर्षदेखि बागमती प्रदेशमा नीति तथा योजना आयोगले पनि योजना बैंकमार्फत योजना कार्यान्वयन गराउने प्रयास भइरहेको छ । पहुंचवालाको जिल्लामा योजना गएको गएै हुने प्रवृति तथा पहुँच नपुग्नेको जिल्लामा योजना गएको हुँदैन । अहिले दुई वर्षको अवधि स्थानीय तहका वडाध्यक्षसँग झगडा गर्देमा बित्यो । प्रदेशका मन्त्रीले चढ्ने सवारी साधन नै पुराना तथा जीर्ण छन् । तपाइँहरुले चढ्ने सावरी साधन पुरानो भयो भन्नेमा अन्यथा भएन । तपाईहरुको साझा समस्यालाई लिएर हेटौडा आउनुस मुख्य मन्त्रीसँग समन्वय गरेर तपाईहरुको सामूहिक समस्या र कानुनी अड्चनलाई मिलाउने प्रतिबद्धता जायर गर्दछु ।

काठमाडौं जिल्ला समन्वय समिति प्रमुख सन्तोष बुढाथोकीले जिल्ला समन्वय समितिको काम नै समन्वय गर्ने र अनुगमन गर्ने रहेको हुँदा अनुगमनको अधिकारलाई अलिकति मजबुत बनाउन सके भ्रष्टाचारमा पनि न्यूनीकरण ल्याउन सकिने बताउनुभयो । उहाँले अब ३/३ महिनामा कार्यक्रम गरेर भए पनि जिल्ला समन्वय समितिको कार्य सम्पादन गर्ने क्षमता प्रस्तुत गरेरै छोड्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । यसका लागि प्रदेश सरकारले सहयोग गर्नुपर्ने बताउनुभयो । अन्तरक्रिया कार्यक्रममा उठेका सवालहरुलाई लिपिबद्ध गरी प्रदेश मुख्यमन्त्री एवं कानुन मन्त्रीलाई बुझाइने व्यक्त गर्नुभयो ।

बागमती प्रदेशका जिल्ला समन्वय समिति प्रमुख र उपप्रमुख बीचमा भएको अन्तरक्रिया कार्यक्रममा सहभागी प्रमुख र उपप्रमुखहरूले हामी पनि निर्वाचित जनप्रतिनिधि हौं, काम गर्न चाहन्छौं, त्यसैले प्रदेश र संघ सरकारले काम गर्ने बाटो खुलाइदिनुपर्ने बताए । जिल्ला समन्वय समितिलाई अधिकार छ भनुँ छैन, छैन भनुँ छ, यस्तो परिस्थितिमा जिल्ला समन्वय समितिले काम देखाउन नसकेको सहभागीहरूको भनाइ रह्यो । अनुगमनको पाटो जिल्ला समन्वय समितिको भए पनि सोही अधिकार स्थानीय सरकारलाई पनि भएको हुँदा कति बजेटभन्दा माथिको अनुगमन समन्वय समितिले गर्ने हो, कति बजेटसम्मको स्थानीय पालिकाले गर्ने हो, स्पष्ट हुनुपर्ने पनि सहभागीको भनाइ थियो । जिल्ला समन्वय समितिका उपप्रमुख एवं सदस्यहरूको मर्यादा निर्धारण गर्नुपर्ने सवाल पनि सहभागीहरुले सुझाव दिएका थिए ।



# गतिविधि, भेटघाट एवं ध्यानाकर्षण

मिति २०८१।१०।२५, जिल्ला समन्वय समिति काठमाण्डौंले राखेको स्वागत कार्यक्रममा पूर्व प्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" सँग जिल्ला समन्वय समिति महासंघका कार्यकारी निर्देशक भरत कुमार भट्टराईले भेट गर्नुभयो । छलफलमा जिल्ला समन्वय समितिहरूको समन्वय तथा अनुगमनको भूमिकालाई अझ सक्रिय एवं प्रभावकारी बनाउने विषयमा जिल्ला समन्वय समिति महासंघको कार्ययोजना प्रस्तुत गर्दै, नेपाल सरकार, प्रदेश सरकार र नगरपालिका/गाउँपालिका जिल्ला स्थित कार्यालयहरूको कार्यसम्पादनको बारेमा संक्षिप्त जानकारी गराउनु भयो ।

जिल्ला समन्वय समिति काठमाडौँका प्रमुख सन्तोष बुढाथोकीले समन्वय समितिले गरेको अनुगमन प्रतिवेदनको गहन मूल्यांकन हुनुपर्ने बताउनुभयो । समन्वय समितिको प्रतिवेदनको शुष्म अध्ययनगर्ने र कार्यान्वयनकोलागि अझबलियो अधिकार दिने हो भने अझ चुस्त समन्वय भै विकास निर्माणले गतिलिने तथा भ्रष्टाचारमा समेत कमि ल्याउन सकिने बताउनुभयो । जिल्ला समन्वय समितिको अनुगमन निश्पक्ष, तथ्यपरक एवं यथार्थमा आधारीत हुने हुनाले अनुगमन प्रतिवेदन कार्यान्वयनमा सहजिकरणको लागि अध्यक्ष प्रचण्डज्यूसंग अनुरोध गर्नुभयो ।

सबै कुरा सुनेपछि अध्यक्ष प्रचण्डले जिल्ला समम्वय समितिको भुमिका व्यापक रहेको तथा हाल उपलब्ध कानुनको उचित उपयोग गर्दै सशक्त ढंगले आफ्ना जिम्मेवारीहरु बहन गर्नुपर्ने बताउनु भयो । उहांले अब संविधान संशोधनको कुरा चलेको छ । त्यहाँ जिल्ला समन्वय समितिको विषयमा पनि समीक्षा गरेर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । वहांले केहि जिल्ला समन्वय समितिहरुले सशक्त ढंगले आफ्ना जिम्बेवारीहरु निभाइ रहेको सन्दर्भ जोड्दै जिसस विच एक आपसमा अनुभव साटासाट गरेर समेत कार्यसम्पादनमा उत्कृटताको लागि प्रयास गर्न सुझाव दिनुभयो । सो अवसरमा जिल्ला समन्वय समिति काठमाडौँले प्रकाशन गरेको जिल्ला वस्तुगत विवरण पुस्तिका पनि प्रमुख बुढाथोकीले अध्यक्ष प्रचण्ड ज्यूलाई हस्तान्तरण गर्नुभयो ।





## संघ/महासंघहरुबाट प्रधानमन्त्रीसमक्ष सामुहिक भेट एवं ध्यानाकर्षण

मिति २०८१ पौष १२ गते शुक्रबार, स्थानीय तहका तीनवटै संघ/महासंघका अध्यक्षहरुको नेतृत्वमा पदाधिकारीसहितको प्रतिनिधिमण्डलले प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष भेट गरी विभिन्न विषयवस्तुमा साझा अवधारणा निर्माण गरी स्थानीय तहका विभिन्न सवालहरुमा संयुक्त ध्यानाकर्षन पत्र बुझाउँदै महत्वपूर्ण विषयवस्तुमा छलफल भएको छ । अन्तर सरकार समन्वय, तीनतहको सरकारको कार्यविस्तृतीकरण, स्थानीय तहमा जाने समानिकरण अनुदान, अन्तर सरकार वित्तीय हस्तान्तरण, राष्ट्रिय भूमी आयोगको निरन्तरता, जिल्ला समन्वय समितिको प्रभावकारी भूमिका सम्बन्धमा छलफल र ध्यानाकर्षण गरियो । उक्त अवसरमा जिल्ला समन्वय समिति महासंघ नेपालका अध्यक्ष राजन मेहताले विभिन्न कठिनाईका बावजुद तिनै तहका सरकारहरुबाट हुने विकास निर्माणमा समन्वय र अनुगमनकारी भूमिका सहित जिल्ला समन्वय समितिहरुले आफ्नो संवैधानिक जिम्मेवारी पुरा गर्न विभिन्न रणनीति सहित कार्य गरिरहेकोमा जिल्ला समन्वय समितिलाई थप प्रभावकारी बनाउन प्रधानमन्त्री समक्ष ध्यानाकषण गर्नुभयो ।

तीनवटै संघ/महासंघले राष्ट्रिय समन्वय परिषदको बैठक तत्काल आह्वान गर्न, कार्यविस्तृतीकरण परिमार्जन कार्य छिटो टुङ्ग्याउन र विनियोजन भैसकेको समानीकरण अनुदान कटौती नगर्न अनुरोध गरिएको छ । ध्यानाकर्षण पछि प्रधानमन्त्रीज्यूले स्थानीय सरकारका तर्फबाट तीनवटै संघ/महासंघले उठाइएका सवालहरुलाई प्राथमिकताका साथ अगाडी बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

उक्त भेटमा गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल नगरपालिकासंघका अध्यक्ष सहित पदाधिकारी तथा प्रतिनिधि मण्डलको टोली एवं जिल्ला समन्वय समिति महासंघ नेपालका तर्फबाट अध्यक्ष राजन मेहता, महासचिव अशोक कुमार घिमिरे, उपमहासचिव दिपक गौतम, महासंघ कर्णाली प्रदेशका अध्यक्ष मञ्जन बहादुर कार्की, जिल्ला समन्वय समिति ललितपुरका प्रमुख ऋषिदेव फुँयाल, जिल्ला समन्वय समिति भक्तपुरका प्रमुख ईश्वर बहादुर थापा र महासंघका कार्यकारी निर्देशक भरत कुमार भट्टराईको प्रतिनिधिमण्डलले सामुहिक भेट एवं ध्यानाकषण गर्नुभयो ।



# संघ/महासंघका प्रतिनिधिमण्डलले अर्थमन्त्रीसमक्ष अनुरोध सहित ध्यानाकर्षण-पत्र प्रस्तुत

स्थानीय तहका प्रतिनिधि जिल्ला समन्वय समिति महासंघ नेपाल, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघका प्रतिनिधिमण्डलले उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेललाई मिति २०८१ पौष ११ गते भेट गरि स्थानीय तहका प्राथमिकता, विकास निर्माण र स्थानीय तहहरुको प्रतिनिधि कार्यालयहरुको क्षमता विकासका सम्बन्धमा छलफल गरि ज्ञापन पत्र बुझाएको थियो ।

उक्त पत्रमा वित्तीय हस्तान्तरणका ढाँचा र आकारमा पुनरावलोकन गर्न, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लाई संशोधन गर्न प्रक्रिया अगाडि बढाउन अनुरोध गरिएको र तीन तहका सरकारविच प्रभावकारी समन्वय र सहजीकरण गर्नै, स्थानीय सरकारका संघ/महासंघहरुको दैनिक कार्यसञ्चालन र क्षमता अभिवृद्धिका गतिविधिहरुलाई सहजीकरण हुनेगरी नेपाल सरकारले वार्षिक रुपमा उपलब्ध गराउँदै आएको अनुदानलाई वृद्धि गर्न समेत अनुरोध गरिएको छ । उक्त भेटमा गाउँपालिका राष्ट्रिय महासंघ,



नेपाल नगरपालिकासंघका अध्यक्ष सहित पदाधिकारी तथा प्रतिनिधि मण्डलको टोली एवं जिल्ला समन्वय समिति महासंघ नेपालका तर्फबाट महासचिव र कार्यकारी निर्देशकको प्रतिनिधित्व रहेको ।

# सिन्धुपाल्चोकको गुफाडाँडामा जलवायु सम्मेलन २०८१







**२०८१।०९।१७ गते (१ जनवरी २०२५)** सिन्धुपाल्चोकः जिल्ला समन्वय समिति महासंघ नेपालको आयोजना तथा जिल्ला समन्वय समिति सिन्धुपाल्चोकको व्यवस्थापनमा मिति २०७५ पौष १६-१७ गते सिन्धुपाल्चोक जिल्लाको गुफाडाँडामा "प्रथम राष्ट्रिय जलवायु सम्मेलन २०७५" को भव्यताका साथ सम्पन्न भएको थियो । सो स्थानमा जलवायु दिवस सम्मेलनमा ७७ वटै जिल्लाको नामांकन फलामे पोलहरुमा झण्डोत्तोलन गर्दै हरेक वर्ष निरन्तर रुपमा विभिन्न कार्यक्रमका साथ मनाइन्छ । हरेक वर्ष जलवायु दिवस मनाउनेक्रममा २०८० सालदेखि मेलम्ची नगरपालिकाद्वारा यो कार्यक्रमलाई निरन्तरता दिइआएको छ ।

२०८१ जलवायु सम्मेलन सिन्धुपाल्चोक जिल्लाको पर्यटकिय स्थल मेलम्ची नगरपालिका-८ गुफाडाँडामा नगर प्रमुख आइतमान तामाङज्यूको अध्यक्षतामा बागमती प्रदेशका मुख्यमन्त्री माननीय बहादुर सिंह तामाङज्यूको प्रमुख आतिथ्यता, बागमती प्रदेश मन्त्रीज्यूहरु, वन तथा वातावरण मन्त्री माननीय कृष्ण प्रसाद सिलवाल, आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय सुरज चन्द्र लामिछाने, संघ सरकारका पुर्व कानुन मन्त्री माननीय शेरबहादुर तामाङ, बागमती प्रदेश सभा सदस्यहरु माननीय कृष्णबहादुर तामाङ, माननीय प्रभात लामा लगायतको बिशेष आतिथ्यतामा र राजनिनिक दलका प्रमुखहरु, सिन्धुपाल्चोक स्थित विभिन्न तहका जनप्रतिनिधिहरु लगायत विभिन्न क्षेत्र, संघ, संस्थाका प्रतिनिधिहरुको समेत सहभागीतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति महासंघ नेपालको तर्फबाट बिशेष अतिथिको रुपमा महासचिव अशोककुमार घिमिरे तथा कार्यकारी निर्देशक भरत कुमार भट्टराईको सहभागिता रह्यो ।

# LISA, FRA र LED सफ्टवेयर एकिकृत गर्ने सम्बन्धमा

मिति २०८१ पौष ११ गते, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीयतहको संस्थागत क्षमता स्वमूल्याङ्कनको प्रभावकारीता र सुधार तथा स्थानीयतहका मूल्याङ्कन प्रणालीहरु LISA, FRA र LED सफ्टवेयरलाई एकिकृत गरि एउटा मात्र सफ्टवेयर राख्ने विषयमा तीन वटै संघ/महासंघलाई आमन्त्रण गरिएको कार्यक्रममा जिल्ला समन्वय समिति महासंघ नेपालको तर्फबाट महासचि र कार्यकारी निर्देशकको




सहभागिता रहेको । उक्त कार्यक्रममा पालिकाहरुबाट ठूलो संख्यामा मेयर/उपमेयर, अध्यक्ष/उपाध्यक्ष, पालिकाका प्रमुख प्रशासकिय अधिकृतहरु विच विषयगत समूह गठन गरि छलफल गराइएको थियो । LISA मा जिल्ला समन्वय समितिको monitoring गर्ने र feedback दिने जिम्मेवारी हुन्छ भने FRA र LED मा monitoring गर्ने र evaluation गर्ने जिम्मेवारी जिल्ला समन्वय समितिको हुन्छ ।

# जिल्ला समन्वय समिति गण्डकीका पदाधिकारीहरुलाई क्षमता बिकास तालिम



२०८१ फागुन १८, पोखरा : गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आयोजना तथा जिल्ला समन्वय समिति महासंघ गण्डकी प्रदेश समितिको समन्वयमा गण्डकी प्रदेशका ११ जिल्लाका पदाधिकारी तथा सदस्यहरूको लागि दुई दिने क्षमता बिकास तालिम सोमबार पोखरामा शुरु भएको छ । तालिमको जिल्ला समन्वय समिति महासंघ गण्डकी प्रदेश समितिका अध्यक्ष लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो । उहाँले समन्वय र अनुगमनलाई थप सहयोग र सहजीकरण सहित क्षमता विकास गर्ने उद्देश्यले बिगत तीन बर्षदेखि लगातार तालिम आयोजना गरिएको भन्दै प्रभावकारी र सक्रियताका साथ सहभागी हुन सबैलाई आग्रह गर्नुभयो । क्षमताको बिकास निरन्तर हुनुपर्ने भन्दै समयानुकूल परिमार्जित र परिस्कृत तवरले कार्य सम्पादनमा तालिम फलदायी हुने बिश्वास ब्यक्त गर्नुभयो ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले प्रतिष्ठानको स्थापना कालदेखि करिब १८ हजार कर्मचारी र जनप्रतिनिधिलाई क्षमता बिकासका तालिम संचालन गरिएको जानकारी दिँदै तालिम प्रभाबकारी, कार्यक्षमतामा उपयोगी भएको उल्लेख गर्नुभयो । प्रशिक्षणमा जिल्ला समन्वय समितिको काम, कर्तब्य र अधिकार सम्बन्धी ब्यबस्था र यसको कार्यान्वयनको अवस्था, अनुगमन तथा मुल्यांकन सम्बन्धी कानुनी ब्यवस्था बिकास र यसमा आएको परिबर्तन र जिल्ला समन्वय समितिसको भूमिका, स्थानीय तहको योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया र जिल्ला समन्वय समितिको भूमिका, शासकीय क्षमता अभिबृद्धिका आयामहरू र जिल्ला समन्वय समितिको भूमिका, सुशासनका औजारहरू, अनुगमन तथा मुल्यांकनका औजारहरू स्थानिय आर्थिक बिकासको अवधारणा र जिल्ला समन्वय समितिको भूमिका बिषयमा प्रशिक्षण प्रदान गरिने जनाइएको छ ।

गण्डकी प्रदेशका ११ जिल्लाका जिल्ला समन्वय समितिका प्रमुख, उप प्रमुख सहित सदस्यहरूको सहभागीता रहेको प्रशिक्षणमा नेपाल सरकारका पूर्व सचिबद्वय काशिराज दाहाल र रेश्मीराज पाण्डे सहितले सहजीकरण गर्नुभएको थियो ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेको अध्यक्षतामा सम्पन्न उद्घघाटन कार्यक्रममा स्वागत मन्तब्य प्रतिष्ठानका उप-सचिब नारायण प्रसाद पौडेलले तथा कार्यक्रम संचालन शाखा अधिकृत जित बहादुर रानाले गर्नुभएको थियो ।

# अर्धबार्षिक समिक्षा एवं छलफल कार्यक्रम

जिल्ला समन्वय समिति कास्कीले २०८१ फागुन ११ गते आईतबार अर्धवार्षिक समिक्षा एवं छलफल कार्यक्रमको आयोजना गर्यो । जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा कार्यक्रममा जिल्लाका निकायहरु सामाजिक सुरक्षा कोष, प्रदेश जनस्वास्थ्य कार्यलय, कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यन्बयन ईकाई, शिक्षा बिकास तथा समन्वय ईकाई, पर्यटन तथा उधोग कार्यालय, भेटनरी अस्पताल, पशु बिज्ञ केन्द्र, गण्डकी आयुर्वेद अस्पताल, श्रम तथा रोजगार कार्यलय, डिभिजन बन कार्यालयका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थितिमा सम्पन्न भएको थियो ।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख पौडेलले सरकारले छुट्याएको बिकास बजेट समयमा खर्च नहुनुको कारण माग गर्नुभएको छ । प्रमुख पौडेलले संघ तथा प्रदेशका बिषयगत सेवाप्रवाहका कार्यलयहरुको अर्ध बार्षिक समिक्षा तथा नागरिकका जनसरोकारका बिषयहरुका सन्दर्भमा सो प्रश्न गर्नुभएको हो । उहाँले सरकारी कार्यालयहरुको पुँजीगत खर्चको अवस्था ज्यादै चिन्ताजनक देखिएको भन्दै तत्काल कमि-कमजोरी सच्याउन आग्रह गर्नुभयो । प्रमुख पौडेलले आर्थिक बर्षको बाँकी अबधि उल्लेखनीय बनाउन आग्रह गर्दै योजना अनुसारको खर्च नहुँदा बिकास निर्माण र सेवा प्रबाहको अबस्था प्रभावित हुने उल्लेख गर्नुभयो । उहाँले सम्पूर्ण कार्यालयहरूले पुजिगत खर्च बढाउने आबश्यक सम्पूर्ण काम पूरा गर्न कास्कीका कार्यालयहरूलाइ निर्देशन दिनुभयो । कार्यक्रमका सहभागिहरुले अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा सहभागी गराउन, डेंगुको रोक्थामको अभियान समयमै चलाउनु पर्ने, सिंचाइमा बढी जोड दिनु पर्ने र बाझो जग्गालाई सदुपयोग गर्नुपर्ने, किसानहरुले पोटास मलको प्रयोग बढाउने, रैथाने बाली संरक्षण र प्रोत्साहन गर्ने, महिला उद्यमिहरुलाई प्रोत्साहन गर्नुपर्ने, एउटा ब्यक्तिलाई दोहोरो अनुदान दिन रोक्नुपर्ने, कृषि तथा पशु बिज्ञ केन्द्र बाट दिईने सूचना तल्लो तह वडा सम्म पुग्नुपर्ने, डिभिजन वनकार्यलय संग समन्वय गरि वनजङ्गलका पात पतिङरलाई जैविक मल बनाउने जस्ता कार्यमा अनुदान दिनुपर्ने, बिषादीको लाइसेन्सको लागि प्रदेशले कानुन बनाउनु पर्ने विषयमा जोड दिनुभएको थियो । माटो परिक्षणको लागि तालिका बनाई स्थानीय तहमा नै पुगी परिक्षण गर्नुपर्ने, नागरिकका घर घरमा खानेपानी आपूर्ति नियमित हुनुपर्ने, सामुदायिक वनको जग्गा समुदायको हितमा प्रयोग गर्नु पर्ने जस्ता बिषयहरु उठाउनु भएको थियो । समन्वय प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत मन्तब्य उप-प्रमुख सरिता माल र सहजीकरण जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो ।



# जिल्ला समन्वय समिति महासंघ कर्णाली प्रदेशको चौथो भेला

जिल्ला समन्वय समिति महासंघ कर्णाली प्रदेश कमिटीको चौथो भेला मिति २०८१ मंसिर २३ गते बाग चौर नगरपालिका वडा नं. २ सल्यान स्थित थारमारेमा रहेको जनकल्याण माध्यमिक बिधालयको हलमा सम्पन्न भयो ।

कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन बन तथा बाताबरण मन्त्री माननीय सुरेश अधिकारीले कार्यक्रम उद्घाटन गर्नुभएको थियो । मन्त्री अधिकारीले आफू प्रदेश सभा सदस्य निर्वाचित भए लगत्तै जिल्ला समन्वय समितिको सबलिकरण र ससक्तीकरणका निम्ति प्रदेश सभा र सरकारले खेल्नुपर्ने भुमिकाका सम्बन्धमा आवाज उठाएको स्मरण गर्दै सो को लागि प्रतिबद्ध भएको उल्लेख गर्नुभयो । अधिकारीले प्रभाबकारी र गुणस्तरीय बिकासका लागि जिल्ला समन्वय समितिलाई बलियो र प्रभाबकारी बनाउनुको बिकल्प नभएको बताउनु भयो ।




कर्णाली प्रदेश सदस्य भिम प्रकाश शर्माले संघीयको मर्म अनुसार राज्यका हरेक निकायहरू जिम्मेवार ढंगबाट चल्नु पर्ने भन्दै जिल्ला समन्वय समितिहरूको सबलिकरण र प्रभाबकारिताका लागि प्रदेश सभामा आवाज उठाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । जिल्ला समन्वय समिति महासंघका महासचिव अशोक कुमार घिमिरेले कार्य क्षमताले पहिचान पुष्टि हुने बताउनुभयो । वहांले जिल्ला समन्वय समितिहरू तीन तहका सरकारका समन्वयमा अब्बल देखिएको दाबी गर्नुभयो ।

जिल्ला समन्वय समिति महासंघ गण्डकी प्रदेश समितिका अध्यक्ष एंव जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले प्रभाबकारी कार्य सम्पादनको स्तर वृद्धि गर्न थप कानुनी ब्यबस्थाका लागि प्रदेश सरकारहरू गम्भीर हुनुपर्ने बताउनुभयो ।

पौडेलले अनुगमन र समन्वयकारी निकाय प्रभावकारी हुँदा बिकासमा हुने गुणस्तर हिनता र ढिलासुस्ती न्यूनीकरणमा सहयोग पुगेको भन्दै क्रमश कार्यक्षेत्रमा थप कृयाशिल हुँदै अगाडि बढ्न आग्रह गर्नुभयो । पौडेलले जिल्ला समन्वय समितिका कामले नै यसको आवश्यकता र औचित्य पुष्टि हुँदै गएको अवस्थामा कसैले यसको औचित्यमा प्रश्न उठाउँदा त्यो क्षम्य नहुने उल्लेख गर्नुभयो ।

जिल्ला समन्वय समिति महासंघका कार्यकारी निर्देशक भरत कुमार भट्टराइले प्रचलित कानुन वमोजिम जिल्ला समन्वय समितिले गर्न सक्ने कार्यहरुको विस्तृतीकरण प्रस्तुत गर्नु भयो ।

भेलामा जिल्ला समन्वय समिति महासंघका कोषाध्यक्ष सन बहादुर राई, जिल्ला समन्वय समिति महासंघ केन्द्रीय सदस्य तथा जिल्ला समन्वय समिति हुम्लाका प्रमुख शिवराज शर्मा, बागचौर नगरपालिका प्रमुख जनक राज गौतम, गाउँपालिका राष्ट्रिय महासंघका सदस्य दुर्गा पुन, जिल्ला समन्वय समिति कालिकोटका उप-प्रमुख मिना रावत बिश्वकर्मा, शारदा नगरपालिकाका उप-प्रमुख सुस्मिता सापकोटा सुनार लगायतले मन्तब्य व्यक्त गर्नुभएको थियो ।

जिल्ला समन्वय समिति महासंघ कर्णाली प्रदेश कमिटीका अध्यक्ष तथा जिल्ला समन्वय समिति मुगुका प्रमुख मन्जन बहादुर कार्कीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत मन्तब्य जिल्ला समन्वय समिति सल्यानका प्रमुख बलराम रावलले तथा कार्यक्रम संचालन कुमार बडुवाले गर्नुभएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समिति महासंघ नेपालका पदाधिकारी सदस्य एंव महासंघ प्रदेश समितिका अध्यक्षहरू सहित कर्णाली प्रदेश अन्तर्गतका १० जिल्लाका प्रमुख, उप प्रमुख र सदस्यहरूको सहभागीता रहेको थियो ।



# जिल्ला समन्वय समिति (DCC Cup) कप फुटबल प्रतियोगिता २०८१

(DCC Cup Football Tournament)

जिल्ला समन्वय समिति काठमाण्डौंको आयोजनामा हुन गइरहेको उपत्यकाका तिन वटै जिल्ला (काठमाण्डौंका ११, ललितपुरका ६ र भक्तपुरका ४) गरि जम्मा २१ वटा पालिकाहरुलाई समेटेर अन्तरपालिका फुटबल प्रतियोगिता स्थानीय खेलाडीहरुको लागि खुल्ला उपत्यकाव्यापी पालिकास्तरिय जिल्ला समन्वय समिति कप फुटबल प्रतियोगिता (DCC Cup Football Tournament) आयोजना गरिएको छ । उक्त प्रतियोगितामा तीनवटै जिल्लाका सबै पालिकाहरुबाट पालिकाको सिफारिस सहित स्थानीय टिम सहभागिताको लागि अनुरोध गरिएको छ । मिति २०८१ चैत्र २ गते देखि २०८१ चैत्र ९ गते सम्म काठमाण्डौंको सशस्त्र प्रहरी वल, हलचोकमा हुन गईरहेको जिल्ला समन्वय समिति काठमाण्डौंको प्रमुख सन्तोष बुढाथोकीले जानकारी दिनुभयो । प्रतियोगितामा भाग लिन टिम दर्ता मिति २०८१ फागुन २५ गते भित्र गरिसक्नुपर्ने छ । एक पालिकाबाट एक टिम अनिवार्य, बढिमा दुई टिम सम्म सहभागि हुन सक्ने र एक टिममा १८ जना खेलाडी सहभागि हुने छन् । अन्य सहभागितामा फिजियो थेरापिष्ट/डा., टिम मेनेजर, प्रमुख प्रशिक्षक, सहायक प्रशिक्षक र पदाधिकारी गरि एक/एक जना रहने छन् ।

यो प्रतियोगिताले फुटबल खेलको संस्थागत विकासमा सहयोग पुऱ्याउनुका साथै जिल्लामा उत्कृष्ट खेलाडी पहिचान गर्न पनि सहयोग पुग्ने विश्वास लिइएको छ । यस किसिमको प्रतियोगिता हुँदा थुप्रै खेलाडी, प्रशिक्षक, व्यवस्थापक लगायत खेल सञ्चालन गर्न आवश्यक जनशक्ति (म्याच कमिश्नर, जनरल कोअर्डिनेटर, भेन्यु म्यानेजर, सेक्यूरिटी अफिसर, रेफ्री, सहायक रेफ्री, रेफ्री एसेसर र मिडिया अफिसर) हरुले खेलको माध्यमबाट रोजगारीको वातावरण तयार हुने विश्वास गरिएको छ । प्रतियोगिताको मुख्य आयोजक जिल्ला समन्वय समिति काठमाण्डौं रहेको छ भने सह-आयोजकमा जिल्ला समन्वय समिति ललितपुर र भक्तपुरका साथै काठमाण्डौं जिल्ला खेलकुद विकास समिति, अखिल नेपाल फुटबल संघ र सशस्त्र प्रहरी बल, नेपाल रहेका छन् ।




# नेपालमै पहिलो पटक
# विश्व युवा महोत्सव २०८१ आयोजना हुँदै

जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोक प्रमुख दिपक कुमार गौतमको अगुवाईमा आयोजना हुन गईरहेको नेपालमै पहिलो पटक काभेपलाञ्चोक जिल्लामा "विश्व युवा महोत्सव २०२५" आयोजना हुन गईरहेको छ । काभेपलाञ्चोक जिल्लाको सदरमुकाम धुलिखेल नगरपालिकाको विभिन्न स्थानमा मिति २०८१ चैत १४ गतेदेखि १८ गते (मार्च २७ देखि ३१, २०२५) सम्म महोत्सव चल्नेछ । विश्वभरका १० हजार युवा प्रतिनिधिमाफ ५० भन्दा धेरै अन्तरंग र बहिरंग कार्यक्रमहरु सञ्चालन गरिने आयोजक संस्था जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकले जनाएको छ ।

कार्यक्रममा नेपालबाट मात्र नभएर विश्वभरिबाट १ सय भन्दा धेरै राष्ट्रबाट युवाहरुको सहभागिता रहने बताइएको छ । १ लाख युवाहरुको बिचमा समारोहको उद्घाटन गर्ने शिक्षा, स्वास्थ्य, युवाहरुको रोजगारी, बेरोजगारी समस्या, आजको सूचना प्रविधि, कृतिम बौद्धिकता (ए.आई.), जलवायु परिवर्तन लगायतका थुप्रै विषयहरुमा छुट्टाछुट्टै छलफल सत्रहरु सञ्चालन गरिनेछ भने एक अर्कामा अनुभव आदान-प्रदान गर्ने प्लाटफर्मको रुपमा लिन सकिन्छ । यसले हाम्रो देशको विकासका निमित्त र आजका निराश युवाहरूलाई आशाको रक्तसञ्चार महत्वपूर्ण भूमिका खेल्ने विश्वास दिनुभएको छ । यो महोत्सवमा विभिन्न छलफल सत्रसँगै ५० भन्दा धेरै भित्री र बाहिरी कार्यक्रमहरू हुनेछ । खेलकुद, सांगितिक समारोह, साँस्कृतिक कार्यक्रम, पर्यटन, प्रदर्शनीहरू लगायतका कार्यक्रम समेटिएको छ ।

प्रमुखज्यूले विश्व युवा महोत्सव २०२५ एउटा व्यक्ति र संस्थाको कार्यक्रम मात्र नभएर समग्र देशको कार्यक्रम हो । यो देश र जिल्लाको प्रतिष्ठासँग जोडिएको विषय हुनाले सबैलाई यसको प्रतिनिधि भएर सहभागि हुन आग्रह छ । महोत्सवको दौरान सञ्चालन हुने छलफल सत्र, खेलकुद, सांस्कृतिक लगायतका कार्यक्रमहरुमा सक्रियतापूर्वक सहभागि हुन अपिल गर्नुभएको छ । सबैलाई सबै हिसाबले सहयोग गर्दै कार्यक्रमलाई सफल एवं प्रभावकारी बनाउन भूमिका खेलिदिनुहुन आग्रह गर्नुभएको छ ।

# मुस्ताङ जिल्लाको संक्षिप्त परिचय




मुस्ताङ जिल्ला नेपालको गण्डकी प्रदेश अन्तर्गत पर्ने हिमाली जिल्ला हो । धौलागिरी हिमाल (८,१६७ मी.) र निलगिरी हिमाल (७,०६० मी.) पार गरेर आउनु पर्ने भएकाले यस जिल्लालाई हिमालपारीको जिल्लाको नामले चिनिन्छ । मुस्ताङ जिल्लामा रहेको प्राचीन गुफाहरू र वस्तिहरूको पुरातात्विक अन्वेषणले यस जिल्लाको ईतिहास करिव ३,००० वर्ष पुरानो भएको पुष्टि हुन्छ ।

विश्व मानचित्रमा मुस्ताङ जिल्लाको अवस्थिति २८ डिग्री ३३ मिनेट ५१ सेकेण्ड देखि २९ डिग्री १९ मिनेट ५२ सेकेण्ड उत्तरी अक्षांस र ८३ डिग्री २८ मिनेट ५४ सेकेण्ड देखि ८४ डिग्री १४ मिनेट ५८ सेकेण्ड पूर्वि देशान्तरको वीचमा अवस्थित छ । पूर्वमा मनाङ जिल्ला, पश्चिममा डोल्पा जिल्ला, उत्तरमा चिनको स्वशासित क्षेत्र तिब्वत र दक्षिणमा म्याग्दी जिल्ला पर्ने यस जिल्लाको कुल क्षेत्रफल ३५६.२१ वर्ग कि.मी. रहेको छ । जुन नेपालको कुल क्षेत्रफलको २.४२ प्रतिशत हो । जिल्लाको सदरमुकाम जोमसोम समुन्द्र सतहदेखि २,७१० मीटर उचाइमा रहेको छ । समुन्द्र सतहदेखि २,०१० मी.(घाँसा) देखि ८,१६७ मी.(धौलागिरी) उचाईमा रहेको मुस्ताङ जिल्लाको हावापानी सुख्खा ठण्डा रहेको छ ।

जिल्लाको तल्लो भागमा तुलनात्मक रूपमा बढि वर्षा भए तापनि माथिल्लो भागमा अत्यन्त कम वर्षा हुन्छ । औसत वार्षिक वर्षा तल्लो भागमा २०० मि.मी. र माथिल्लो भागमा हिमपात हुन्छ । गर्मी महिनाको अधिकतम तापक्रम २६ डिग्री से. र हिउँद महिनामा न्युनतम -९ डिग्री से. सम्म झर्दछ । हावापानी अनुसार हिमालको नजिक कोणधारी वनस्पति र माथिल्लो भागमा होचा काँडेदार वनस्पति पाइन्छ । यस जिल्लाको वन क्षेत्र कुल क्षेत्रफलको ३.२४ प्रतिशत अर्थात १२,३२४ हेक्टर रहेको छ । जैविक विविधताले धनि यस जिल्लामा करिव १,२२६ प्रजातिका वनस्पति रहेको अनुमान छ । करिव ४७४ जातिको चराचुरुङ्गी रहनुको साथै जीव जन्तुमा हिमचितुवा, कस्तुरी मृग, जंगली घोडा आदि पाइन्छन् । नयाँ संरचना अनुसार जिल्ला समन्वय समिति मुस्ताङ्गमा ५ वटा गाउँपालिकाहरू: १. घरपझोङ (केन्द्र जोमसोम), २. थासाङ (केन्द्र कोवाङ), ३. दालोमे (केन्द्र चराङ), ४. लोमन्थाङ (केन्द्र लोमन्थाङ) र ५. वाह्रगाउँ मुक्तिक्षेत्र (केन्द्र कागवेनी) रहेका छन् ।

प्रतिनिधि सभामा एउटा निर्वाचन क्षेत्र तथा प्रदेश सभामा २ वटा निर्वाचन क्षेत्र रहेको यस जिल्लामा २०७८ को जनगणना अनुसार कूल जनसंख्या १४,४५२ रहेको छ । जनगणना २०७८ अनुसार यस जिल्लाको कूल जनसंख्या यस प्रकार रहेको छः महिलाको जनसंख्या ६,५१८ पुरूषको जनसंख्या ७,९३४ कुल घरधुरी संख्या ३,६७४, जिल्लाको कुल क्षेत्रफल ३५७३ वर्ग कि.मी., औषत जनसंख्या प्रति घरधुरी ३.९३, लैङ्गिक अनुपात १२१.७२, जनसंख्या वृद्धिदर ०.६९ जनघनत्व प्रति वर्ग कि.मी. ४ जना रहेको छ ।

## जिल्लामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थल एवं ताल तलैयाहरू

मुक्तिनाथ मन्दिर, दामोदर कुण्ड, टिटी ताल, निलगिरी हिमाल, धौलागिरी हिमाल, ठिनी घरपझोङ गढी, कैसाङ क्याम्प (खम्पा क्याम्पु), ढुम्बा ताल, तिलिचो ताल, तिलिचो बेसक्याम्प, थारूघाङ्ग भ्युटावर, तातोपानी कुण्ड, रक क्लाइम्बिङ, फुक्केलिङ पुरानो गाउँ आदि रहेका छन् ।

## वनस्पती तथा जैविक विविधता

जिल्लाको हावापानी शितोष्ण खालको भएको हुनाले तल्लो भेग तिर मिश्रति कोणधारी वनस्पती धुपी सल्लो पाइन्छ भने माथिल्लो भेगतिर १०,००० फिट भन्दा माथि भोटेपिपल, वैंस काँडेदार वुट्यान र घाँस मुख्य रुपमा रहेको छ । जिल्लामा पाइने मुख्य वनस्पतीमा सल्लो, धुपी, वैंश, भोजपत्र, लालिगुराँस, काँडेदार वुट्यान, घाँस, भोटे पिपल रहेका छन् ।

## वन्यजन्तु/ वन्यपंक्षी

हिँउ चितुवा, कस्तुरी, खरायो, घोरल, बन भेडा, भालु, नाउर, वाघ आदि जिल्लामा पाइने मुख्य वन्य जन्तुहरु हुन् । डाँफे, मुनाल, च्याखुरा, कालीज आदि पनि यस जिल्लामा पाइने वन्य पंक्षीहरु हुन ।

## जडीवुटी

यहाँको वनमा महत्वपूर्ण जडीवुटी जस्तै यार्चागुम्वा, पाँचऔले, निरमसी, सतुवा, चिची, तोरा, चुत्रो, कुट्की, कुठ, भोजा, जमानो, कुकुर्को वीख, हारा, सोमलता, चुल्ठे अमिलो, कुरिलो, घोराङमार्चा, आदि जस्ता प्रशस्त वहुमूल्यवान र उपयोगी जडिवुटीहरु पाइन्छ ।

## पाल्तु पशुपंक्षी

यहाँ पालिने पाल्तु पशुमा याक, नाक, झोपा, चौरी, घोडा, लुलु, खच्चड, गधा, भेडा, च्याङ्ग्रा, भैसी, गाई, वंगुर आदि हुन भने पंक्षीमा कुखुरा र हाँस पनि पालिन्छन् ।

## सामाजिक जनजीवन

उच्च पहाडी दूर्गम हिमाली जिल्ला भएको हुनाले यहाँको जनजीवन भिन्नै प्रकारको छ । सदरमुकाम देखि उत्तर तिर भोटे गुरुङ, विष्ट र ठकुरी जातीहरुको वाहुल्य छ भने दक्षिण तिर थकाली समुदायको अतिरिक्त दलित तथा अन्य जातीहरुको वसोवास भएको पाईन्छ । गुरुङ्ग तथा थकाली जातीहरु वौद्ध धर्म मान्दछन् भने दलित तथा अन्य जातीहरुले हिन्दू धर्म प्रति आस्थावान देखिन्छन ।

# महासंघ तथा जिल्ला समन्वय समितिहरुको जिल्लास्थित अनुगमन, गतिविधि तथा अन्य




मिति २०८१।११।२१ गते, जिल्ला समन्वय समिति मकवानपुरमा तीनवटा प्रदेशका तीन जिल्ला (बागमती प्रदेशको सिन्धुली, कोशी प्रदेशको सुनसरी र मधेश प्रदेशको सप्तरी) को जिल्ला समन्वय समिति प्रमुख तथा उपप्रमुखको सहभागितामा अध्ययन तथा अनुभव आदान-प्रदान कार्यक्रम सम्पन्न भयो । (जिल्ला समन्वय समिति महासंघ नेपालका अध्यक्ष राजन मेहता र महासंघ बागमती प्रदेश अध्यक्ष ललित घलान)







मिति १३-१६ फागुन २०८१, (25-28 February 2025) मा थाइल्याण्डको बैंककमा आयोजित एशिया प्रशान्त क्षेत्रमा दिगो विकास लक्ष्य (SDG 3,5,8,14,17) को प्रगतिमा छलफल र समिक्षा गर्नका लागि एशिया-प्रशान्त क्षेत्रीय दिगो विकास मञ्च (APFSD) को १२औं बैठकमा जिल्ला समन्वय समिति महासंघ नेपालको तर्फबाट महासचिव- अशोक कुमार घिमिरे र कोषाध्यक्ष- सन बहादुर राईको सहभागिता रहेको ।





जिल्ला समन्वय समिति महासंघ कोशी प्रदेश समितिको आयोजना तथा जिल्ला समन्वय समिति तह्रथुमको व्यवस्थापनमा मिति २०८१ पौष ६ गते म्याङलुङ, तेह्रथुममा महासंघ कोशी प्रदेश समितिका अध्यक्ष एवं जिल्ला समन्वय समिति भोजपुरका प्रमुख कमल थुलुङ्ग राईज्यूको अध्यक्षतामा सम्पन्न बैठक ।




२०८१ फागुन २७ गतेः जिल्ला समन्वय समिति बर्दियाका प्रमुख सुर्य बहादुर विष्टज्यूको नेतृत्व टोलीलाई जिल्ला समन्वय समिति पर्वतमा हार्दिक स्वागत एवं आ-आफ्नो जिल्लाको असल अभ्यास तथा अनुभव आदान प्रदान कार्यक्रम सम्पन्न ।




मिति २०८१ फाल्गुन २८ गते, जिल्ला समन्वय समिति काठमाण्डौंको आयोजनामा अन्तरपालिका फुटबल प्रतियोगिता DCC Cup हुने सम्बन्धमा पत्रकार सम्मेलन



मिति २०८१ फाल्गुन २८ गते, जिल्ला समन्वय समिति महासंघ गण्डकी प्रदेश समितिले गण्डकी प्रदेशका मुख्यमन्त्री माननीय सुरेन्द्र राज पाण्डेज्यू समक्ष जिल्ला समन्वय समितिको बारे समसामयिक सन्दर्भमा विभिन्न माग सहित स्मरण पत्र बुझाएको छ ।



मिति २०८१ फाल्गुन २ गते, जिल्ला समन्वय समिति नवलपुरका प्रमुख बाबुराम विश्वकर्मा सहितको प्रतिनिधि मण्डलले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा हाइवे देखि मध्यविन्दु अस्पताल सम्मको बाटो पिच गर्न अनुरोध पत्र बुझाएको छ ।



मिति २०८१ माघ १० गते, जिल्ला समन्वय समिति महासंघ नेपालको पाँचौ कार्यसमितिको बैठक ।





मिति २०८१ फाल्गुन १९-२० गते कास्की, पोखराः गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आयोजना तथा जिल्ला समन्वय समिति महासंघ गण्डकी प्रदेश समितिको समन्वयमा गण्डकी प्रदेशका ११ वटा जिल्लाका पदाधिकारी तथा सदस्यहरुको लागि आयोजित दुईदिने क्षमता विकास तालिम सम्पन्न ।

सम्पादनः भरत कुमार भट्टराई, सामग्री संकलन तथा लेआउटः दिनेश श्रेष्ठ
जिल्ला समन्वय समिति महासंघ नेपाल Association of District Coordination Committees of Nepal (ADCCN)
☎: 977-15454081 **Fax #** 977-1-5448469 BabarMahal, Kathmandu
**E-mail :** adccn@adccn.org.np; adccn77@gmail.com **URL:** www.adccn.org.np